म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३३० शुक्रबार २४ असार २०७९ ने. सं. ११४२ दिल्लाथ्व 8 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङको श्री माविका दुईसय ८५ विद्यार्थीहरुलाई छात्रवृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ मकवानपुरको विकट राक्सिराङ गाँउपालिकाको श्री माविमा अध्ययनरत दुईसय ८५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको छ ।

राक्सिराङ गाउँपालिका-८, देविटारस्थित श्री माविमा अध्ययनरत दुई सय ८५ जना विद्यार्थीलाई विभिन्न ३ वटा शिर्षकमा छात्रवृत्ति वितरण गरिएको हो । विद्यालयका प्रधानाध्यापक राजु रेग्मीले छात्रा छात्रवृत्तितर्फ ७७ जना, दलित छात्रवृत्ति १३ जना तथा सिमान्तकृत छात्रवृत्ति १ सय ९५ जनालाई वितरण गरिएको जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल मुक्तान तथा ८ नम्बर वडा सदस्य दिलबहादुर स्याङ्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा ४ सय जना विद्यार्थी अध्ययनरत छन् ।

# मनहरीको बजेट ९१ करोड, बकैयाले आज ल्याउँदै



साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ मकवानपुरका आठ वटा गाउँपालिकामध्ये सबैभन्दा ठूलो आन्तरिक स्रोत भएको मनहरी गाउँपालिकाले ९१ करोड ८ लाख रुपैयाँको बजेट ल्याएको छ ।

१० असारमा नीति तथा कार्यक्रम ल्याएको मनहरीले बिहीबार एघारौं गाउँसभाबाट आर्थिक वर्ष २०७९/०८० का लागि ९१ करोड ८ लाख २६ हजारको अनुमानित आयव्यय प्रस्तुत गरेको हो । बजेटमा पूर्वाधार विकासलाई बढी प्राथमिकता दिइएको छ । राप्ति खोलाले दुई भागमा विभाजित मनहरीमा चालू आर्थिक वर्षदेखि पाँच ठूला पक्की पुल निर्माण भइरहेका छन् ।

गाउँपालिकाले गाउँबासीको जीवनस्तरमा सहज ल्याउन उक्त पुललाई प्राथमिकताका साथ निर्माण गर्न बजेट बिनियोजन गरेका छन् । पक्की पुलसँगै सडक निर्माणलाई पनि गाउँपालिकाले प्राथमिकता दिएको छ । गाउँपालिकाले सबैभन्दा बढी पूर्वाधार विकासतर्फ ३८ करोड ९६ लाख ६० हजार बजेट विनियोजन गरेको हो ।

सामाजिक विकासतर्फ ३१ करोड ४५ लाख ७५ हजार, आर्थिक विकासतर्फ ४ करोड ४७ लाख, सुशासन तथा संस्थागत विकासतर्फ २ करोड २० लाख ६२ हजार विनियोजन भएको छ । पालिकाले वन, वातावरण तथा विपद व्यवस्थापनका लागि ७५ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि १३ करोड २३ लाख २९ हजार विनियोजन गरेको गाउँपालिका उपाध्यक्ष सिता पुलामी मगरले जानकारी दिइन् । गाउँपालिको आन्तरिक आय स्रोतबाट कुल बजेटको ३५.०२ प्रतिशत अर्थात ३१ करोड ९० लाख ५० हजार बजेट बिनियोजन गरेको छ । संघीय सरकारको वित्तिय समानीकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त र विशेष गरी ४८ करोड ९४ लाख २८ हजार, प्रदेश सरकारको समानीकरण अनुदान, सवारी कर बाँडफाड, सशर्त, समपुरक र विशेष गरी ९ करोड ८३ लाख ४८ हजार र जिल्ला समन्वय समितिबाट १५ लाख गरी कुल ९१ करोड ८ लाख २६ हजारको बजेट विनियोजन गरिएको उपाध्यक्ष मगरले जानकारी दिएकी छन् ।

सुशासन तथा संस्थागत विकासतर्फ २ दशमलव ४३ प्रतिशत अर्थात २ करोड २० लाख ६२ हजार बजेट विनियोजन गरिएको छ । आीर्थक विकासतर्फ ४ करोड ४७ लाख, सामाजिक विकास तर्फ ३१ करोड ४५ लाख ७५ हजार, पूर्वाधार विकास तर्फ ३८ करोड ९६ लाख ६० हजार, वन, वावतावरण तथा विपद व्यवस्थापन तर्फ ७५ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ १३ करोड २३ लाख २९ हजार रकम विनियोजन गरिएको हो । पालिकाले शिक्षा क्षेत्रमा ४ करोड १८ लाख ४७ हजार र स्वास्थ्य क्षेत्रमा ३ करोड ४२ लाख रकम विनियोजन गरेको छ ।

गाउँपालिकाले जनतासँग अध्यक्ष/उपाध्यक्ष विकास कार्यक्रम सञ्चालन गर्न बजेट बिनियोजन गरेको छ । उक्त कार्यक्रमका लागि २ करोड बजेट बिनियोजन गरिएको हो । गाउँपालिका भित्रका नागरिकको मागअनुसार साना विकास योजना तथा कार्यक्रमहरु सञ्चालनका लागि उक्त कार्यक्रम सञ्चालन गाउँपालिका अध्यक्ष कालाखेतीले बताए । जनताका प्रत्यक्ष सरोकारका विषयलाई योजनामा समेट्ने गरी उक्त कार्यक्रम ल्याइएको उनको भनाई छ ।

गाउँपालिकाले 'विपन्न विद्यार्थीसँग विश्वेश्वर सहायता कोष' स्थापना गर्ने नीति, कार्यक्रमबाट घोषणा गरिएको थियो । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले सामुदायिक विद्यालयमा अध्ययनरत् गरिव विद्यार्थीहरुका लागि सहायता कोष स्थापना तथा सञ्चालन गरिने बताए ।

गरिब तथा विपन्न विद्यार्थीलाई १२ कक्षासम्म नि:शुल्क शिक्षाको व्यवस्था मिलाउन कोषबाट सहयोग गरिने जनाइएको छ । नीति कार्यक्रममा पालिका स्तरीय शिक्षा समितिलाई सक्रिय बनाएर शिक्षाका नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दै विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षाको प्रत्याभूति दिलाउने जनाइएको छ । गाउँपालिकालाई विपन्न विद्यार्थीमात्र नभई १२ कक्षासम्मको पठनपाठनमा सबै विद्यार्थीहरुलाई नि:शुल्क शिक्षा दिने व्यवस्था मिलाउन अनुरोध गरिएको छ ।

यसैगरी, बकैया गाउँपालिकाले आज शुक्रबार आगामी आवका लागि बजेट ल्याउँदै छ । गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेका अनुसार बकैयाले १० असारमा नीति तथा कार्यक्रम ल्याएको थियो ।

बकैयाले भौतिक पूर्वाधार विकाससँगै भूमिहीन नागरिकलाई भूमि र लालपूर्जा दिनेदेखि कृषि तथा पशुपालन, पर्यटन, खेलकुदलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेको अध्यक्ष लामिछानेले बताए । गाउँपालिकामा करिब ६० प्रतिशत घरधुरीसँग आफ्नो जग्गा प्रमाण पुर्जा प्राप्त नभएको, नापनक्सा समेत नभएको, ऐलानी जग्गा भएको र त्यस्ता जग्गाको तथ्यांक संकलनसमेत भइसकेकोले लालपूर्जा दिन बजेटमार्फत कार्य अगाडि बढाइने कार्यक्रममा उल्लेख छ ।

बजेट ल्याउन बाँकी इन्द्रसरोबर गाउँपालिकाले भोली शनिवार करिब ४१ करोड बराबरको बजेट ल्याउने तयारी गरेको अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिए । बकैया र इन्द्रसरोबर बाहेक हालसम्म मकवानपुरका ८ वटा स्थानीय तहले बजेट ल्याइसकेका छन् । हेटौंडा उपमहानगरपालिकाले १३ असारमा नीति, कार्यक्रम र बजेट एकैसाथ प्रस्तुत गरेको थियो । १० असारमा नीति, कार्यक्रमसँगै थाहा नगरपालिका, मकवानपुरगढी, बागमती, राक्सिराङ र भीमफेदी गाउँपालिकाले बजेट ल्याएका थिए ।

# प्रेस युनियन महाधिवेशनबारे कांग्रेस पदाधिकारीसँग छलफल



साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ नेपाल प्रेस युनियन मकवानपुर शाखाले नेपाली कांग्रेस मकवानपुर जिल्ला पार्टीका पदाधिकारीहरुसँग युनियनको ९ औं राष्ट्रिय महाविधेशन सफलतापूर्वक सम्पन्न गर्नको लागि छलफल गरेको छ ।

आगामी साउन ६ र ७ गते हेटौंडामा हुन गइरहेको ९ औं राष्ट्रिय महाविधेशनको सफलताको लागि युनियनले कांग्रेस जिल्ला सभापतिसहितको पदाधिकारसँग छलफल गरेको हो ।

बिहीबार हेटौंडा-२ स्थित पार्टी कार्यालयमा महाधिवेशन तयारीका लागि गठित स्थानीय समन्वय समितिले जिल्ला सभापतिसहित पदाधिकारी, भातृ तथा शुभेच्छुक संघ संस्थाका प्रमुखसँग युनियनको महाधिवेशन सम्पन्न गर्न आवश्यक सहयोग र सहकार्यको विषयमा छलफल गरेको हो ।

प्रतिनिधि तथा पर्यवेक्षकको खाना तथा आवासको व्यवस्थापन, प्रचारप्रसार, आर्थिक व्यवस्थापन, स्वागत सत्कारका साथै अन्य विविध तयारीका विषयमा छलफल गरिएको थियो । छलफलमा महाधिवेशन तयारीका लागि गठित स्थानीय समन्वय समितिका संयोजक राममणि दाहालले हालसम्म भएका तयारीका विषयमा जानकारी दिँदै बाँकी कामहरु सम्पन्न गर्नका लागि पार्टी र भातृ तथा शुभेच्छुक संस्थाको सहयोग अपरिहार्य भएको बताए ।

पार्टीका विभिन्न पदमा रहेका, पार्टीबाट जनप्रतिनिधि बनेका, विभिन्न पेशा व्यवसायमा आवद्ध व्यक्तिहरुले व्यक्तिगत तथा संस्थागत रुपमा सहयोगको लागि दाहालले आग्रह गरे ।

स्थानीय समन्वय समितिका सहसंयोजक गिरिजा अधिकारी र नेपाल प्रेस युनियन मकवानपुरका अध्यक्ष पोष्टराज अधिकारी 'कुमार'ले महाधिवेशको बारेमा विस्तृत जानकारी गराउँदै पार्टीबाट आर्थिक तथा भौतिक सबै किसिमको सहयोग आवश्यक रहेको प्रष्ट्याए ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले प्रजातन्त्रवादी पत्रकारहरुको राष्ट्रिय भेला हेटौंडामा हुनु गौरवको कुरा भएको बताए । युनियनको महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्नु पार्टीको पनि दायित्व भएको भन्दै पार्टीको तर्फबाट आवश्यक सहयोग गर्न प्रतिवद्ध रहेको बताए । महाधिवेशन तयारीका लागि समन्वय र सहकार्य गर्नको लागि पार्टी सचिव भिमसेन महतलाई जिम्मेवारीसमेत प्रदान गरिएको छ ।

महाधिवेशन प्रतिनिधिहरुको रजिष्ट्रेशनको कामको लागि महिला संघसँग समन्वय गरी स्वयम्सेवकसमेत परिचालन गर्ने पनि पार्टी सभापति लामाले बताए । जिल्लाका विभिन्न नाकामा स्वागत गेट निर्माण गर्नको लागि क्षेत्रीय समितिहरुलाई उनले निर्देशनसमेत दिएका छन् । युनियनको नवौं महाधिवेशनमा देशभरका एक हजार ६ सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहनेछ । हेटौंडाको रोयल पार्टी प्यालेसमा हुने महाधिवेशनको उद्घाटन नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले गर्ने कार्यक्रम रहेको छ ।

महाधिवेशनबाट प्रजातन्त्रवादी पत्रकारहरुको संस्था नेपाल प्रेस युनियनको नयाँ केन्द्रीय कार्यसमितिसमेत चयन हुनेछ । छलफलमा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, पूर्व सभापति माइकल रामचन्द्र अर्याल, वर्तमान उपसभापति आनन्द कठायत, सचिव भिमसेन महत, जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख सानुकाजी लुईंटेल, ट्रेड युनियन कांग्रेस मकवानपुरका अध्यक्ष यमबहादुर श्रेष्ठ, हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता तथा युनियन पूर्व जिल्ला उपाध्यक्ष सविन न्यौपानेलगायत पार्टीका विभिन्न तहका नेता तथा युनियनका सदस्यहरुको उपस्थिति रहेको थियो ।

## बागमती प्रदेशसभा बैठक असार २९ गते बस्ने

हेटौंडा, २३ असार/ बागमती प्रदेशको प्रदेशसभा बैठक असार २९ गते बस्ने भएको छ ।

प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठले प्रदेशसभाको चालु दशौं अधिवेशनको २५ औ बैठक असार २९ गते बुधबार दिउँसो १ बजेको लागि बोलाएका हुन् । प्रदेश सरकारकोआगामी आर्थिक वर्ष २०७९/८० को बजेट पास गरेर स्थगित भएको प्रदेशसभा बैठक असार २९ गते बस्ने भएको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि ल्याएको बजेट असार १६ गते बसेको बैठकबाट बहुमतले पारित भएको थियो । सरकारले आगामी आर्थिक वर्षको लागि ७० अर्ब ९३ करोड ९२ लाख रुपैयाँको बजेट ल्याएको छ ।


## विघुतीय राहदानीको फारम स्थानीय तहबाटै नि:शुल्क भर्न सकिने



हेटौंडा, २३ असार/ आज शुक्रबारबाट राहदानी र राष्ट्रिय परिचयपत्रको विद्युतीय फारम मकवानपुरको १० वटै स्थानीय तहबाट नि:शुल्क भर्न सकिने भएको छ । बिहीबार पत्रकार सम्मेलन गर्दै मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले २१ गते स्थानीय तहका प्रमुख र अधिकृतहरुसँगको छलफलपछि यस्तो निर्णय गरिएको बताएका हुन् । जिल्ला प्रशासन कार्यालयले मकवानपुरका सेवाग्राहीको सहजताका लागि पालिकाबाटै फारम भर्ने व्यवस्था मिलाइएको पाण्डेको भनाइ छ । उनले स्थानीय तहहरुसँगको सहमति अनुसार जिल्ला प्रशासन कार्यालयमा हुने भीडभाडलाई कम गर्न आजबाटै राहदानीको विद्युतीय फारम भरिने जानकारी दिए । यस्तै राष्ट्रिय परिचयपत्रको फारम साउन १ गतेबाट स्थानीय तहमा सञ्चालनमा आउने जानकारी दिए ।

पाण्डेले अनलाईन फारम हप्तामा एकदिन शुक्रबार मात्रै भर्न सकिने बताए । प्रत्येक दिन ९० जनाको राहदानीको बायोमेट्रि गर्नेगरि एकहप्तामा ५४० जनाको आवेदन लिइने उनले बताए ।

## बागमतीमा प्रभावकारी बन्दै मोबाइल बैंकिङ सेवा



साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ बागमती प्रदेशमा मोबाइल बैंकिङ सेवा प्रभावकारी बन्दै गएको पाइएको छ । प्रविधिको सहायतामा मोबाइलबाटै बैंकका सबै सेवा प्रयोग गर्नेमा बागमतीका धेरै छन् ।

नेपाल राष्ट्र बैंकका अनुसार देशका सात प्रदेशमध्ये बागमतीमा सबैभन्दा धेरैले मोबाइल बैकिङबाट सेवा लिएका छन् । बागमतीमा मोबाइल बैकिङ प्रयोगकर्ता ६२ लाख रहेको राष्ट्र बैंकले जनाएको छ ।

मोबाइल बैकिङ चलाउने ६२ लाखमध्ये बागमती प्रदेशमा बसोबास गर्नेको संख्या भने ६० लाख मात्रै छ । तथ्यांक विभागका अनुसार २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजामा बागमती प्रदेशमा कुल ६० लाख ८४ हजार ४२ जना मानिस बसोबास गर्दै आएका छन् । यी ६० लाख मानिसले ६२ लाख ५९ हजार ९ सय २५ वटा मोबाइल बैंकिङको खाता खोलेको राष्ट्र बैंकले जनाएको हो ।

बैंकका अनुसार नेपालमै सबैभन्दा धेरै मोबाइल बैंकिङ प्रयोगकर्ता बागमती प्रदेशमा छन् भने सबैभन्दा कम कर्णाली प्रदेशमा छन् । कर्णाली प्रदेशमा मोबाइल बैंकिङ प्रयोगकर्ताको संख्या जम्मा ४ लाख ८३ हजार ८१ छ । जबकी प्रदेश १ मा २२ लाख ९८ हजार ४ सय ७२, मधेसमा १६ लाख १० हजार ८ सय ३३, गण्डकीमा १८ लाख ६५ हजार ९ सय ३६ प्रयोगकर्ता छन् । लुम्बिनी प्रदेशमा भने २६ लाख ४६ हजार १ सय ७१ प्रयोगकर्ताहरु छन् ।

## लागूऔषध गाँजासहित एकजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ मकवानपुर प्रहरीलेभीमफेदी गाउँपालिका-२, भैंसेबाट लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ ।

बुधबार प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरी टोलीले भैंसेस्थित प्रहरी चेकपोष्टबाट गाँजासहित एकजनालाई पक्राउ गरेको हो । बा २९ प ३०४४ नम्बरको मोटरसाइकलमा सवार मकवानपुरको कैलाश गाउँपालिका-४ झ्याङगेका २४ वर्षीय विजय लामा भनेर चिनिने मानबहादुर मोक्तानलाई ६ किलो लागूऔषध गाँजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीले मोक्तानलाई हिरासतमै राखी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सुशासनका लागि पारदर्शिता

नागरिकले छिटो, छरितो, सुलभ र सहज किसिमबाट राज्यले दिने सेवा सुविधा पाउन सक्ने अवस्थालाई सुशासन भनिन्छ । सुशासनले भ्रष्टाचार कम गर्न मद्दत पुग्दछ । सुशासनअन्तर्गत् पारदर्शिता, भ्रष्टाचार न्यून प्रशासन, सेवाभाव, असल आचरण, अनुशासन, सामाजिक उत्तरदायित्व, सेवाग्राही सन्तुष्टीजस्ता पक्षहरु पर्दछन् । जवाफदेहिता, कानूनी शासन, साधनस्रोतको न्यायोचित वितरण, जनसहभागिताजस्ता पक्षहरु पनि सुशासन प्रवर्द्धनका लागि आवश्यक मानिन्छ । सुशासनका यी पक्षहरुमध्ये पारदर्शितालाई अझ बढी महत्व दिने गरिएको छ । संघीयता कार्यान्वयनसँगै सिंहदरबारको अधिकार गाउँगाउँमा भनिए पनि सिंहदरबारको विकृतिमात्रै गाउँगाउँ पुगेको चर्चा सुरु भइसकेको छ । अर्थात् अधिकारसम्पन्न स्थानीय तहबाट आम नेपालीले आशातित सेवा, सुविधा पाउन सकेका छैनन् । सुशासनको मर्मअनुसार स्थानीय तहहरुले सेवाप्रवाह गर्न सकेको छैन । मुलुकमा सुशासनको निकै अभाव छ, भ्रष्टाचार व्याप्त छ ।

सरकार वा अन्य निकायद्वारा सञ्चालित विभिन्न क्रियाकलापका सम्बन्धमा सुसूचित हुन पाउने आम नागरिकको अधिकार नै पारदर्शिता हो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले पारदर्शितालाई 'जानकारीको आदानप्रदान र खुलारुपमा काम गर्ने प्रणाली'को रुपमा परिभाषित गरेको छ । लोकतान्त्रिक र कल्याणकारी सरकारले सार्वजनिक हितका लागि गोप्य राख्नु पर्नेबाहेक अन्य सबै विषय, सञ्चालन प्रक्रिया र कार्यप्रणाली पारदर्शी गर्नु पर्दछ । सुशासनको सौन्दर्य भनेकै पारदर्शिता र निष्पक्षता हो । सरकारबाट सञ्चालित क्रियाकलाप सार्वजनिक गर्नु, सूचनाको पहुँच सरोकारवालासम्म पुर्‍याउनु, जनमानसमा विश्वासको दायरा फराकिलो पार्नु, आफूले सम्पादन गरेका काममा जनताको प्रतिक्रिया प्राप्त गर्नु, भविष्यका लागि दिशानिर्देश गर्नुजस्ता कुराहरु सुशासनले अंगीकार गरेका मुख्य उद्देश्य हुन् । सरकारले सम्पादन गरेका क्रियाकलापबाटै उसको मूल्याङ्कन हुने भएकाले आफूले सञ्चालन गरेका प्रत्येक कामको नियमितरुपमा कार्यतालिका बनाएर तिनलाई सार्वजनिक गरिनु पर्दछ । काममा ढिला-सुस्ती भएमा त्यसको कारणसमेत सार्वजनिक गर्दा एकातर्फ सेवाग्राही विश्वस्त हुने र अर्कोतर्फ समयमै विकल्प पहिचान गर्नसमेत सुझाव प्राप्त हुन सक्छन् । राज्यको मुल कानून संविधानमै सुशासनलाई महत्व दिएको भए पनि व्यवहारमा ज्यादै कमजोर अवस्था छ । मुलुकमा सुशासन कायम गर्न र पारदर्शिता बढाउन अझै धेरै काम गर्न बाँकी देखिन्छ ।

वर्तमान अवस्थामा मुलुकमा तीन तहको सरकार छ । आम जनताको प्रत्यक्ष सरोकारका सबै सेवा अहिले स्थानीय तहबाट प्रवाह हुने भएकाले स्थानीय तहले सुशासन प्रवर्द्धनमा विशेष चासो देखाउनु आवश्यक छ । स्थानीय सरकारद्वारा सम्पादित कार्यलाई पारदर्शी बनाउन विद्युतीय शासनको विकास गरिनु पर्छ । 'अनलाइन'मार्फत् सेवाप्रवाहलाई छिटो-छरितो बनाउन स्थानीय तह क्रियाशील बन्नुपर्छ । सुशासन सफल सरकारको चिनारी हो । प्रत्येक स्थानीय तहले हरेक क्रियाकलापलाई पारदर्शी बनाउँदै सुशासन कायम गर्न हरसम्भव प्रयास गर्नु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २५ गते शनिबार ९ जुलाई २०२२ । असार शुक्लपक्ष दशमी । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१६, सूर्यास्त: ७:०१ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काम बन्नाले उत्साह जाग्नेछ | **तुला** | : भाग्योदयको समय रहनेछ |
| **वृष** | : कामको उचित प्रतिफल पाइनेछ | **वृश्चिक** | : काममा उत्साह बढ्नेछ |
| **मिथुन** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **धनु** | : प्रेमको बन्धन कसिनेछ |
| **कर्कट** | : पारिवारिक समस्या आउनसक्छ | **मकर** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| **सिंह** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | **कुम्भ** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **कन्या** | : अधुरा योजना पूरा हुने देखिन्छ | **मीन** | : पवित्र कर्ममा मन जानेछ |

## स्थानीय सरकार:

# कसरी बन्न सक्छन् जवाफदेही ?



चम्फासिंह भण्डारी

वैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनपछि स्थापित स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरुले आफनो काम सुरु गरी आफ्नो कार्यकालको पहिलो वर्षको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गरेका छन् । बितेका दुई अढाई महिना उनीहरुले बधाई तथा शुभकामनाका साथ फूलमाला र अबीर खादा ग्रहण गर्दै आफ्नो कार्यकालको पहिलो वर्षको सुरुवात गरेका छन् ।

अघिल्लो स्थानीय सरकारले स्थानीय सरकारका लागि आवश्यक पर्ने अधिकांश कार्यविधिहरु निर्माण गरी कार्यान्वयनमा ल्याएका छन् भने अझै पनि संघ तथा प्रदेश तहबाट ऐन कानून र नीतिबाट निर्देशित हुनुपर्ने अवस्थाका कारण केही कुरामा अझै अन्यौल जीवित छ तर स्थानीय सरकारको आधारशिला पहिलो स्थानीय सरकारहरुले तयार गरेका छन् । यो पृष्ठभूमिमा अब स्थानीय सरकारहरुले कामको गति लिने अपेक्षा गर्न सकिन्छ ।

स्थानीय सरकारका पदाधिकारी एवं कर्मचारीहरुका बीचमा विकासका सन्दर्भमा साझा बुझाई निर्माण गर्ने, स्थानीय रुपमा सम्पन्न हुँदै आएका विकास प्रक्रिया, कार्यविधि एवं परिणामको समीक्षा गर्ने, विकासका आयाम, दिगो विकास एवं जनकेन्द्रीत विकासको सैद्धान्तिक अवधारणाबारे छलफल गर्ने, स्थानीय श्रोतको पहिचान, परिचालन, उपयोग र संरक्षणका लागि भूमिकाको खोजी गर्ने, योजनावद्ध विकास, सामुदायिक सुशासन, सक्षम एवं जवाफदेही स्थानीय सरकार सञ्चालनका न्यूनतम मान्यताहरुको विकास आजको प्रमुख आवश्यकता हो ।

खानेपानीका धारा छन् तर पानी आउँदैन, ट्वाइलेट बनेका छन् तर प्रयोग गर्न सकिँदैन, बाटोमा हरेक वर्ष बजेट खर्च हुन्छ तर त्यो भाटो प्रयोगमा छैन । कुलो खनिएको छ तर पानी आउँदैन, विद्यालय भवन छ तर विद्यार्थी पढ्न आउँदैनन् । पुल बनेको छ तर त्यसमा मानिसहरु हिँड्दैनन् आदि । गाडी र कम्प्युटर छैनन् तर चालक र कम्प्युटर अपरेटरको दरबन्दी छ । तार छ, बिजुली बल्दैन, टेलिफोन छ तर काम गर्दैन, सोलार छ तर बत्ति बल्दैन । किन यसो हुन्छ ? यस्तो विकास प्रक्रियालाई बदल्नु आवश्यक छ कि छैन ? भन्ने सवालहरूको जवाफ स्थानीय सरकारहरुले खोज्नु आवश्यक छ ।

विकासका लागि बाह्य निकाय केवल सहयोगी मात्र हुन् र विकासको मूल केन्द्र विन्दु जनता नै हुन् । विकासका लागि उपयुक्त वातावरण पाएको खण्डमा प्रत्येक समुदायले आफ्नो विकास आफै गर्न सक्दछन् । कुनैपनि समुदायको विकास आफ्नो अवस्थाअनुसार हुन्छ । स्थानीय समुदायले खोजेको समाधान नै सर्वोपरि र उत्तम हुन्छ । परिवर्तनको सुरुवात नै त्यसैबाट हुन्छ भन्ने कुराको वोध आवश्यक छ ।

विकासका लागि सामूहिक प्रयास आवश्यक छ । तर विकासको मोडेल स्थानीय समुदायले आफ्ना आवश्यकताअनुसार निर्धारण गर्नुपर्दछ । एउटै किसिमको विकास प्रक्रिया सबै ठाउँमा लागु हुन सक्दैनन् । समुदाय वा नागरिकहरुको विकास नहुनुमा सामाजिक संरचना, राज्यको नीतिका साथै व्यक्ति स्वयम् जिम्मेवार हुन्छन् । विकासको लागि स्वयम् व्यक्ति तयार हुनु पर्दछ । सम्बन्धित समुदायले तयार नभई बाह्य निकायले गरेको विकास वस्तुको भौतिक रुप फेर्ने काम मात्र हुन्छ । तर, त्यसले सारमा अन्तर ल्याउन सक्दैन । यसवाट विकास निरन्तर चलिरहने प्रक्रिया हो । निश्चित समयपछि सकिने काम नभएकोले विकासलाई सपनाको रुपमा लिने र त्यो सपना पुरा गर्न अल्पकालीन तथा दीर्घकालीन योजनाको निर्माण आवश्यक छ ।

कुनै पनि योजना सम्पन्न गर्न श्रोतसाधनको आवश्यकता पर्दछ । विकास अभियानका सन्दर्भमा आम मानिसले श्रोत भन्ने वित्तिकै रुपैया पैसा वा बजेट सम्झिन्छन् र त्यो श्रोत बाहिरबाट आउनुपर्छ भन्ने मान्यताको विकास भएको पाइन्छ । यसको अर्थ कुनै पनि योजना वा काम सम्पन्न गर्न सरकारी वा गैरसरकारी संघसंस्थाले नदिएसम्म त्यस्तो काम सम्भव छैन भन्ने परनिर्भरतापूर्ण मान्यताको विकास तीव्र रुपमा बढिरहेको छ । तर आफ्नै वरपर रहेका श्रोतको पहिचान, विश्लेषण र परिचालनका क्षेत्रमा कुनै ठोस काम हुन सकिरहेको छैन । श्रोतको पहिचान, परिचालन र संरक्षणका क्षेत्रमा स्थानीय सरकारहरु गम्भीर बन्नु आवश्यक छ ।

स्थानीय सरकार स्वचालित हुनका लागि आर्थिक श्रोतको आवश्यकता पर्दछ । श्रोतको आवश्यकतासँगै त्यसको परिचालनका लागि आवश्यक व्यवस्थापन तथा अभिलेखीकरण स्पष्ट र पारदर्शी हुनुपर्दछ । सबै खालका अभिलेखीकरण स्थानीय सरकारको अवस्था मजबुत तथा कमजोर भन्ने कुराको निष्कर्ष आउने गर्दछ । गरेका काम, गरिएका आम्दानी तथा खर्च र जिन्सी सामग्रीको अभिलेख बिना स्थानीय सरकार चल्न सक्दैन । र, आर्थिक अनुशासन कायम गर्न स्थानीय सरकारहरुले विशेष ध्यान दिनु पर्दछ ।

कुनै पनि सामूहिक काम गर्नका लागि एउटा कुशल अगुवा चाहिन्छ । असल र गतिशील नेतृत्व बिना कुनै पनि काम सम्पन्न गर्न गाह्रो हुन्छ । नेतृत्वको विकास अनौपचारिक र औपचारिक रुपमा स्थापित भएको पाइन्छ । अगुवाले नै अरुलाई आफू सँगसँगै डोर्याएर लैजाने हुँदा नेतृत्व आफै नेतृत्व प्रदान गर्न सक्ने क्षमतावान हुनुपर्दछ । स्थानीय सरकारमा निर्वाचित भएर आउने नेताहरु आम नागरिकप्रति जवाफदेही र उत्तरदायी बन्नका लागि आफनो क्षमता विकास र अध्ययन विश्लेषण गर्ने बानीको विकास आवश्यक छ ।

निर्वाचित हुने वित्तिकै आफनो भूमिकामा आउने परिवर्तन, आफ्नो अनुभव, क्षमताको भरमग्दुर उपयोग र टीममा काम गर्न सक्ने क्षमताको विकास आवश्यक छ । जनप्रतिनिधि र कर्मचारीहरुको बीचमा आवश्यक समन्वय र सहकार्य गर्ने, एक अर्कामा विश्वासको वातावरण निर्माण गर्ने सवालमा निर्वाचित नेतृत्वले ध्यान दिनु पर्दछ ।

स्थानीय सरकारले आफ्ना नागरिकलाई दैनिक रुपमा प्रदान गर्ने सेवा सुविधालाई सरल बनाउने, झन्झटिला कार्यप्रक्रियालाई सरल बनाई कार्यान्वयन गर्ने, हरेक योजना निर्माण, कार्यान्वयन, मूल्यांकन तथा संरक्षण र उपयोगका सवालहरूमा स्थानीय नागरिकको सहभागितालाई सुनिश्चित गर्नु आवश्यक छ । कामलाई गुणस्तरीय बनाउन सुशासनलाई सिद्धान्त र भाषणका रुपमा होइन, त्यसलाई जीवन्त संस्कृतिका रुपमा विकास गर्दै नागरिकले तिरेको करको हिसाव किताब पूर्ण रुपमा पारदर्शी र जवाफदेही बनाउन आवश्यक विधि प्रक्रिया निर्माण गरी कार्यान्वयन गरिनु पर्छ । जवाफदेही संयन्त्रहरुको निर्माण र कार्यान्वयन गर्दै हरेक नागरिकको संविधान प्रदत्त सूचनाको हकको सुनिश्चितता आजको आवश्यकता हो ।

हाम्रो समुदायमा कोही मानिस धनीमानी, श्रोत साधनले सम्पन्न, समुदायमा बोलवाला भएका र केही मानिस गरिव, दैनिक गुजारा गर्न मुस्किल परिरहेको अवस्थामा छन् । किन मानिसहरुको बीचमा यस्तो भिन्नता विद्यमान छ ? यसमा ब्यक्ति, समुदाय, सामाजिक संरचना र राज्यका नीतिकानून तथा प्रणालीहरु जिम्मेवार बन्नु पर्दछ ।

आम नागरिकको आधारभूत अधिकारको सुनिश्चितता र सामाजिक न्याय स्थापनाका लागि नागरिकको नजिकको सरकारका रुपमा स्थानीय सरकार नै बढी जिम्मेवार बन्नु आवश्यक छ । आम नागरिकलाई विकास प्रक्रियामा नियमित रुपमा संलग्न गराउँदा त्यसले स्थानीय सरकारको कामलाई प्रभावकारी बनाउनकै लागि सहयोग गर्दछ । स्थानीय सरकारद्वारा सञ्चालन गरिने विभिन्न अभियानमा व्यापक जनसहभागितालाई वृद्धि गर्न पनि स्थानीय नागरिक संगठनहरु सँगको आवश्यकता हुन्छ ।

हाम्रो अहिले सम्मको प्रचलन के छ भने बाहिरबाट समुदायको विकासका लागि आउने विभिन्न गैरसरकारी संघसंस्थालाई प्रोत्साहन गर्ने तर स्थानीय समुदायमै रहेर त्यहीको श्रोत र साधनलाई पहिचान, संरक्षण र उपयोगका लागि क्रियाशील नागरिक संगठनलाई ध्यान नदिने वा वेवास्ता गर्ने । अनि समुदायका मानिसले त्यो कुखुराको चल्ला फलाना संस्थाको, कृषि कार्यालयको, पशु कार्यालयको, तरकारीको बीउ फलाना संस्थाको, बाखा फलाना संस्थाको भनी हेर्छन् । तर ती चिजवस्तु हाम्रो हो भन्ने कुराको महसुस कहिल्यै गर्दैनन् । यस्तो प्रवृत्तिले स्थानीय समुदाय अन्तरनिर्भरताको साटो अरुले दिनुपर्छ, अरुले गरिदिनुपर्छ र हामीले खाने हो भन्ने कुराको परनिर्भरतामुखी चिन्तन ह्वात्तै बढेको छ । कतिपय श्रोत समुदायको आवश्यकता भन्दा पनि दातृ निकायको आवश्यकतामा आधारित भएर समुदायको आवश्यकतामा आधारित नभएकै कारण खानेपानीको धारा छ, तर त्यहाँ पानी आउँदैन, पानीपोखरी छ तर त्यो प्रयोगमा छैन ।

यस्तो प्रवृत्ति र कार्यप्रक्रियाले गर्दा सरकारी तथा गैरसरकारी क्षेत्रबाट ठूलो श्रोतको खर्च भैरहेको छ तर त्यसको निरन्तरता छैन, संरक्षण र उपयोग छैन, अनि कसरी हुन्छ दिगो विकास ? मानिसले विकास अरुले गरिदिने चिज हो भन्ने कुरा बुझेका छन् । घर अगाडिको बाटोमा बनेको खाल्डो पुर्न, धाराको टुटी फेर्न, तरकारीको बीउ दिन सरकार आउनुपर्छ, गैरसरकारी संस्था आउनुपर्छ भन्ने चिन्तनले गर्दा मानिसहरु आफै केही गर्न नसक्ने चिन्तन पालेर बसेका छन् । यस्तो कार्यप्रक्रिया, प्रवृत्तिलाई पुरै परिवर्तन गर्नका लागि स्थानीय सरकारहरु अग्रसर हुनु पर्दछ ।

स्थानीय जनसंगठनहरुलाई गतिशील बनाई राख्ने कुराले लोकतन्त्रको संस्थागत विकास तथा सुशासन प्रक्रियालाई बलियो र प्रभावकारी बनाउँदछ । सरकारी कामकाजको रचनात्मक रुपले विश्लेषण गर्ने र गल्तीहरु औंल्याई दिएर सरकारलाई ठीक बाटोमा हिँडाउनका लागि आवश्यक भूमिका निर्वाह गर्ने काम स्थानीय नागरिक संगठनले गर्दै आएका छन् । र, भविष्यमा पनि यसलाई निरन्तर रुपमा अघि बढाउनु आवश्यक छ । यो प्रक्रियाले स्थानीय सरकारले गरेका काम र क्रियाकलापमा नागरिक सहभागितामा वृद्धि हुने र सम्पन्न गरेका काम जीवनपयोगी बन्न सक्छन् ।

स्थानीय सरकारका नीति कार्यक्रमलाई नागरिकसमक्ष पुर्‍याउने र कार्यान्वयनमा समेत सहयोगी भूमिका खेल्ने हुँदा त्यस्ता जनसंगठनको संरक्षण र सम्वर्द्धन गर्ने दायित्व पनि स्थानीय सरकारकै हो । त्यसैले समुदायमा आधारित नागरिक संगठनसंगको छलफल, अन्तरक्रिया र निरन्तरको सम्वादलाई जीवित राख्न स्थानीय सरकारले आफ्ना प्रयास अघि बढाउनु जरुरी छ । समुदायमा आधारित संगठनले पनि स्थानीय सरकारका नीति कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग गर्नु आवश्यक छ । यस्तो अन्तरक्रिया र विश्लेषणले एकअर्कामा विश्वासको वातावरण निर्माण गर्न योगदान गरेको विश्वास गर्न सकिन्छ ।

स्थानीय सरकारमा निर्वाचित भएर आउने जनप्रतिनिधि र पालिकामा रहेका विषयगत शाखाका कर्मचारीहरुको बीचमा नियमित रुपमा बैठक, अन्तरक्रिया तथा सिकाई आदान प्रदानले एकले अर्कोलाई बुझ्ने र भएका प्रगति तथा आएका समस्याको तत्काल समाधान खोज्नका लागि नियमित रुपमा छलफल र अन्तरक्रियाको निरन्तरतामा ध्यान दिनु पर्दछ । नागरिकको जीवन सहज बनाउन आवश्यक पर्ने आधारभूत आवश्यकताको परिपूर्ति र आधारभूत मानव अधिकारको सुनिश्चितता मार्फत् जनउत्तरदायी र जवाफदेही स्थानीय सरकार अहिलेको प्रमुख आवश्यकता हो । यो आवश्यकता परिपूर्तिका लागि नागरिकको अर्थपूर्ण सहभागिता, स्वामित्व तथा स्थानीय ज्ञान, सीप, क्षमता तथा श्रोतको पहिचान, परिचालन आवश्यक छ । यसरी स्थानीय ज्ञान, सीप संरक्षणका माध्यमबाट नागरिक सचेतनाको अभिवृद्धि, नागरिक कर्तव्यको पालना तथा सुशासित स्थानीय सरकारको बीचमा असल सम्वन्ध र सहकार्य आवश्यक छ ।

लोकतान्त्रिक स्थानीय सरकारका मूल्य मान्यता एवं सिद्धान्तलाई व्यवहारमा उपयोग गर्दै नागरिक दवाव समूहको आवाजलाई सकारात्मक रुपमा लिने र स्थानीय सरकारका काम कारबाहीमाथि गरिने स्वस्थ्य एवं तथ्यपूर्ण आलोचनालाई ग्रहण गर्दै आफ्ना व्यवहारमा गरिने परिवर्तनले नै सरकारलाई सवल र सक्षम बनाउँदै जनताप्रति थप जवाफदेही बनाउनका लागि योगदान गर्दछ ।

स्थानीय सरकारका विधायकी अधिकारको प्रयोग गर्दै जनमुखी नीति निर्माणमा आम नागरिकको सहभागितालाई सुनिश्चित गर्नका लागि उपयुक्त र सहज खालको नीति, प्रक्रिया र योजनाको निर्माण गरी कार्यान्वयन गर्ने जिम्मा समेत स्थानीय सरकारकै हो । लोकतान्त्रिक विधि प्रकृयाको अवलम्वन गर्दै छिटो र छरितो सेवा प्रवाह गर्ने, निर्णय प्रक्रियालाई सहज र पारदर्शी बनाउँदै नागरिकले तिरेको कर नागरिककै हितमा खर्च गर्ने मान्यतालाई स्थापित गर्नु स्थानीय सरकारको दायित्व पनि हो ।

सम्पन्न गरिएका योजनाको टिकाउ र दिगोपना खोज्ने, त्यसका लागि वातावरण मैत्री विकास प्रक्रियालाई अघि बढाउने र सरकारले स्थानीय नागरिकको अर्थपूर्ण सहभागिता खोज्दै हरेक चरणमा नागरिकबाट त्यो कामको वैधता खोज्ने विधि र तरिका तथा प्रक्रियाको निर्माण गर्दै नागरिक तहको सन्तुष्टि खोज्ने तहको प्रक्रिया निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक छ । स्थानीय सरकारमा काम गर्ने कर्मचारीतन्त्रलाई प्रारम्भदेखि नै नागरिकको सेवकका रुपमा स्थापित गर्नु अर्को ठूलो चुनौती हो । झन्झटिला प्रक्रियाको कार्यान्वयन गर्ने क्रममा कर्मचारीतन्त्र र नागरिक बीचको सम्बन्धमा चिसोपना आउने विगतको स्थितिलाई समाप्त पार्दै हरेक नागरिकले लिन आउने सेवा सुविधा प्रदान गर्नकै लागि कर्मचारीको ब्यवस्था गरिएको हुन्छ । र, नागरिकले नै तिरेको करबाट आफूले सेवा सुविधाको उपयोग गरिरहेको यथार्थतामा कर्मचारीतन्त्रलाई नागरिकप्रति उत्तरदायी बनाउनु आवश्यक छ । यसका लागि स्थानीय सरकार संवेदनशील हुनुपर्दछ ।

निर्वाचित जनप्रतिनिधिले आफ्नो वारेमा विविध कोणबाट विश्लेषण गर्दै आफ्नो अवस्थाको बारेमा थाहा पाउनु पर्छ । यो कामबाट समुदायमा आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउनका लागि उत्प्रेरणा लिने र प्रत्येक व्यक्तिलाई आफ्नो समग्र जीवनलाई विश्लेषण गर्दै आफ्नो भूमिका र जिम्मेवारीबारे पुर्नविचार गरी स्थानीय सरकारलाई जवाफदेही र उत्तरदायी बनाउन सकिन्छ ।

नेपालमा योजनावद्ध विकासको थालनी भएको झन्डै साढे छ दशक पुरा भएको छ । लगातारको विकासले पनि किन यहाँका मानिसको जीवनमा आवश्यक सहजता प्रदान गर्न सकिरहेको छैन ? किन हामीले गरेका विकास प्रयास दिगो र प्रभावकारी बन्न सकिरहेका छैनन् ? भन्ने कुराको खोजी आजको प्रमुख आवश्यकता हो ।

स्थानीय सरकारहरु आम नागरिकप्रति जवाफदेही र उत्तरदायी बन्न सक्ने हो भने लोकतन्त्रको संस्थागत विकास गर्दै नागरिकको जीवनमा सहजता ल्याउन सम्भव छ । यो संभावनाभित्र नै हाम्रो राजनीतिक संघर्ष, राजनीतिक परिवर्तनको संस्थागत विकास र नागरिकको विश्वासको जग उभिएको छ । *-लेखक भण्डारी सामाजिक अभियन्ता हुन् ।* *- साभार: रातोपाटी*

# दलहरुको मूल्यांकनको कसी



कुलचन्द्र वाग्ले

हाम्रा राजनीतिक दलहरु आलोचित छन् । स्वाभाविक हो, अहिले प्राय: सबैतिर राजनीतिक दलहरु आलोचित छन् । त्यसमा पनि सरकारको नेतृत्वमा रहने दल बढी आलोचित हुन्छ । कारण ऊसँग जनअपेक्षा गाँसिएको हुन्छ । अपेक्षाको अंश पनि प्राप्ति नभएको अनुभूति गर्दा बढ्ने त आलोचना नै हो । दलहरुलाई एउटै डालोमा राखेर समान आलोचनाको तारो बनाइनु उचित हुन्छ कि दलहरुबीचमै पनि भिन्नता र भेदसमेत छ ? भन्ने प्रश्न चाहिं पारखको आधार बनाइनु 'मूल्यांकन' भनिनुको मर्म होला ? नेपाली सन्दर्भमा पनि यही भेद र भिन्नताको सूत्र सत्य हुन्छ । स्वाभाविक भन्दा नेपालका दलहरु ज्यादै र अस्वाभाविरुपमा आलोचित छन् । त्यतिमात्र रहेन दलहरु झन्डै घृणाका पात्र भइसकेको सुनिन्छ । दल भन्नु अमूर्त हो । मूर्त दलमा आबद्ध नेता, कार्यकर्ता, शुभेच्छुकहरु हुन् । दलको नाममा भए पनि आलोचना खासमा तिनीहरुकै प्रवृत्ति, चरित्र र व्यवहारको हो । यस्ता संगठनमा आबद्ध नेता वा सबैलाई सम्बद्ध दलको किन आलोचना बढेको हो भन्ने जानकारी नभएको पक्कै होइन । सुधारको अपेक्षा हामीसँगै राखिएको छ भन्ने पनि दल सम्बद्धहरुले बुझेकै हुनुपर्छ । प्रमाण भाषणमा सुनिने उत्कृष्ट बुझाइ र व्यवहारमा देखिने निकृष्ट प्रस्तुतिले दिन्छ । भिन्नता उद्घाटित हुन्छ । यस कारण प्रस्तुति र व्यवहारमा तालमेल नदेख्दा आलोचनाको पारो बढ्दै गएको हो ।

दलहरु धेरै छन् । तिनहरुको मूल्यांकनको आधार के ? मूख्यत: सिद्धान्त, नेताहरूको चरित्र र व्यवहार नै हो । सदन, सरकार र सडक जतासुकै रहेका नेपालका दर्जनौ दलहरुको मूल्यांकन एउटै सिद्धान्त, एउटै चरित्र र एउटै व्यवहारको कसीमा राखेर गर्न मिल्छ वा सकिन्छ ? के यिनीहरुबीच यस्ता मान्यतामा भिन्नता छैन ? छ । यही कारण पारखको कसी एउटै रंगको मसीले समान धर्को तानेर सम्भव छैन र सत्य हुँदैन । यति भनिसकेपछि दलहरुको नामैतिर जाऔं । सरकार, प्रतिपक्ष र सडकमा सक्रिय दलहरुको फेहरिस्त नेपाली दल संख्यामा महाभारत जस्तै छ । त्यतातिर नजाऊँ तर केही प्रभावशालीमा नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टीहरू एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा तथा जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पाटी र राष्ट्रिय प्रजातन्त्र पार्टी । यिनमा मूलत: दुईधार छन् - राजावादी र राजतन्त्र विरोधी ।

अरु दलको उपेक्षा गरेको हैन । त्यसो त तराई केन्द्रित जनमत पार्टी पनि मूलधारको राजनीतिमा सक्रिय छ र अरु पनि छन् । फेहरिस्त सम्भव छैन । उल्लिखित दस दलहरुबीचको सिद्धान्त, चरित्र र व्यवहार समान छ त ? लाग्दैन समान छ । लाग्छ, विभिन्न यिनको धरातलसमेत फरकफरक छ । यस्ता फरक यथार्थबीच मूल्यांकनकर्ताले समाउने पनि भिन्नभिन्न आधार नै हो । एउटै डालो लिएर मूल्यांकन गर्छु भन्नु अविवेकी तर्क हो । नेपाली राजनीतिमा हाल यही अविकेकी खेतीको फसल उठाउन राजनीतिक फाँटका छद्म किसानको बिगबिगी छ । प्रस्टै भन्नुपर्छ- राजनीतिक दलका नेता, कार्यकता बेथितिका छन् । सबै होइन तर प्रभाव बेथितिकै छ । यसको विरोध हुनै पर्छ, अझ सशक्त विरोधको खाँचो छ । यसको अर्थ दोष जहाँ छ त्यहीं दिनुपर्छ भन्ने हो । व्यबहारले विगार गरेको दोष प्रणाली वा लोकतन्त्रलाई दिनु त लोकतन्त्रमा हुने कमजोरीको सुधार लोकतन्त्रमै सम्भव छ अरु प्रणालीमा असम्भव भन्ने प्रमाणित सत्य बोधमाथि सांघातिक प्रहार हो । लोकतन्त्र प्रणाली र प्रयोगकर्ताबीचको भिन्नतालाई छ्यासमिस पार्ने ज्यादती छद्म समूहको एउटा हिस्साको अहर्निश प्रयत्न प्रत्यक्ष छ ।

तर, त्यस्ताको संरक्षण कसले गरिरहेको छ ? विचार, चरित्र वा व्यवहारले हो त ? होइन । अहिले नेपाली राजनीतिमा देखिएका यस्ता छद्म चुनौतीप्रति नेपाली लोकतान्त्रिक समाज गम्भीर हुनुपर्छ । सबैभन्दा पहिले र धेरै प्रजातान्त्रिक वातावरण बिगार्ने राजनीतकि दलका नेताहरु नै बढी गम्भीर हुनु र सुधारिनु जरुरी छ । तिनले अहिलेसम्म गरेका कुकर्मप्रति आत्मआलोचना मात्रै होइन नागरिक समक्ष क्षमा प्रार्थना गर्नुपर्छ । अनिमात्र लोकतन्त्र विरोधी छद्मभेषीहरुलाई पराजित गर्ने मार्ग खुल्छ । यस्तो भन्दै गर्दा लोकतन्त्र विरोधी तत्वलाई कुन दल र कसले कति मलजल पुर्यायो भन्ने मूल्यांकन पनि आवश्यक देखिन्छ ।

-बाँकी ३ पेजमा...

# मिनी संसदमा नयाँ अभ्यास: एउटै समितिमा दुई सभापति !



काठमाडौं/ बिहीबार संसदको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा नेकपा एकीकृत समाजवादीका नेता मुकुन्द न्यौपाने र नेपाली कांग्रेसका सांसद देवेन्द्रराज कँडेल आपसमा कानेखुसी गरिरहेका थिए । कानेखुसी गरिरहँदा उनीहरु समितिका सदस्य बस्ने स्थानमा नभई सभापतिको आसनमा थिए ।

उनीहरुले कानेखुसी गरिरहँदा सांसदहरु आआफ्नो धारणा राखिरहेका थिए । समितिमा छलफल चलिरहेको 'नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरीवेक्षण र सम्बन्ध) ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि सांसद यशोदा सुवेदी गुरुङले आफ्नो भनाइ सकिन् ।

त्यसपछि सांसद प्रेम सुवाललाई बोल्न समय दिएर न्यौपाने र कंडेल फेरि गफिन थाले । यही दृष्यलाई ख्याल गर्दै सांसद सुवालले भने, 'दुई जना सभापतिको सल्लाह भइरहेको छ । यता हामीलाई बोल्न दिन पर्‍यो !'

समितिमा रहेका अन्य सांसदहरु गलल हाँसे । आफू बोल्ने क्रममा पनि न्यौपाने र कंडेलले ध्यान नदिएको आशंका गर्दै अर्का सांसद झपट रावलले 'सभापतिद्वयको ध्यानाकर्षण गर्न चाहन्छु' भने ।

संसदको बलियो समिति मानिने राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा यस्ता दृश्य दिनदिनै देखिन थालेका छन् । कारण हो, समिति सभापतिको पद रिक्त हुनु । राज्य व्यवस्था समितिकी तत्कालिन सभापति शशी श्रेष्ठ २२ गते असोज २०७८ मा मन्त्री भएपछि यो पद खाली भएको थियो । सांसद रावलले तत्काल राज्य व्यवस्था समितिको सभापति चयन गर्न सरकार र सत्तारुढ गठबन्धनलाई आग्रह गरे ।

'सत्तारुढ गठबन्धनको भागवण्डा नमिलेर ११ महिना यो समितिले सभापति पाएन । त्यो भागवण्डको कुरा हामीले बुझ्ने कुरा भएन । अब हामीलाई छिट्टै सभापति चाहियो' सांसद रावलले भने । सभापति पद रिक्त हुँदा जेष्ठ सदस्यमध्येका दुई न्यौपाने र कँडेलले सभापति बन्न हानथाप गरेका कारण संसदको यो समितिमा नयाँ नयाँ दृश्य दिनदिनै देखिन थालेका छन् । तीनै मध्येका एउटा दृश्य हो संसदीय समितिमा दुई सभापतिको अभ्यास ।

बैठकको सभापतित्व कसले गर्ने भन्ने विवाद भएपछि दाबेदारमध्ये दुबै जनालाई समिति सदस्यहरुले सभापतिको मान्यता दिने, सोही अनुसार बैठकमा पनि सम्बोधन गर्ने अभ्यास गरिएको छ । कुनै कानुनी र लिखित दस्तावेजबिनै यस्तो अभ्यास राज्य व्यवस्था समितिमा चलेको एक साता भइसकेको छ । जेष्ठ सदस्यको नेतृत्वमा समिति बैठक बस्न थालेपछि यस्ता घोचपेच, ब्यंग्य र सभापतिको माग हरेक दिन हुने गरेको छ । न्यौपाने र कंडेल दुबैले आफूलाई सभापतिको हैसियतमा प्रस्तुत गर्न खोजेपछि सांसदहरुले घुमाउरो ढंगबाट प्रश्न समेत उठाइरहेका छन् ।

अझ एउटाले समितिको बैठक सुरु गर्ने र अर्कोले अन्त्य गर्ने अभ्यास पनि राज्य व्यवस्था समितिमा चलेको छ । असार २१ गते पनि समितिमा 'नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरीवेक्षण र सम्बन्ध) ऐन संशोधन विधेयकमाथि छलफल चलिरहेको थियो । जेष्ठ सदस्यको हैसियतमा बैठक सुरु गरेका मुकुन्द न्यौपाने करिब एक घण्टापछि समितिबाट बाहिरिए ।

'ल सबैलाई नमस्कार, अब बैठक उहाँ (देवेन्द्रराज कंडेल) ले चलाउनुहुन्छ । म निस्कैं' न्यौपानेले भने । उनले आफू बाहिरिनुको प्रष्ट कारण समिति सदस्यहरुलाई दिएनन् । न्यौपाने हिँडेपछि सभापतित्व कंडेलले गरे । राज्य व्यवस्था समितिको आन्तरिक कार्यविधिमा सभापतिले नै बैठक सुरु र अन्त्य गर्ने उल्लेख छ । कार्यविधिको दफा ७ मा बैठकको प्रारम्भ र अन्त्य सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'सभापतिले प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ ।'

तर, सभापति पद रिक्त भएको र ज्येष्ठ सदस्यले सभापतित्व गरेको हकमा के गर्ने भन्ने प्रष्ट व्यवस्था छैन । यही सुविधा प्रयोग गरेर न्यौपानेले बैठकको प्रारम्भ गरेर कंडेलले अन्त्य गरेका हुन् । न्यौपानेले ज्येष्ठ सदस्यको हैसियतमा पहिलो बैठक राख्दा अझ रोचक दृष्य समितिमा देखा परेको थियो । कंडेल र न्यौपानेबीच सभापति को भन्ने विषयमा हानथाप भएको थियो । सांसद कंडेलका अनुसार त्यसदिन उनी सभापतित्व गर्ने तयारीका साथ समिति बैठकमा पुगेका थिए । तर, समितिमा आफू भन्दा ज्येष्ठ सदस्य न्यौपाने रहेको उनको जानकारीमा थिएन । कंडेल पुग्दा न्यौपाने सभापतिको कुर्सीमा बसिसकेका थिए । सभापतिको कुर्सीमा न्यौपानेलाई देखेपछि कंडेलले आपत्ति जनाए ।

'समितिको ज्येष्ठ सदस्य मीना पाण्डे बिरामी भएका कारण मलाई सभापतित्व गर्ने गरी अख्तियारी दिनुभएको थियो । त्यसकारण सभापतित्व गर्ने कुरा स्वभाविक थियो । यसैअनुसार गर्ने भनेर समितिमा रहेका सदस्यहरुबीच सहमति थियो । यसकारण मैले सभापतित्व गर्न खोजेको हुँ' त्यसदिन उनले भनेका थिए ।

कि आफूले सभापतित्व गर्न पाउनुपर्ने कि आफूले सभापतित्व गर्ने भनी भएको माइन्यूट च्यातिनुपर्ने कंडेलको मागमा अन्य सदस्यहरुले आपत्ति जनाए । जे माइन्यूट बनाएको भए पनि समितिका अर्को ज्येष्ठ सदस्य आएपछि उसैको नेतृत्वमा समितिको बैठक सुरु हुने भनी सांसद कंडेललाई सम्झाए ।

मीना पाण्डे जेष्ठ सदस्य रहँदा न्यौपाने राज्य व्यवस्था समितिमा थिएनन् । १८ जेठ २०७९ मा समिति सदस्यहरुको हेरफेर न्यौपाने उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा आएका हुन् । त्यसपछि न्यौपाने समितिमा ज्येष्ठ सदस्यका रुपमा रहे । संघीय संसद सचिवालयको रेकर्ड अनुसार पाण्डे ७० बर्षकी भइन् भने न्यौपाने ७२ वर्ष । ज्येष्ठ सदस्यको वरियतामा तेस्रो स्थानमा रहेका कंडेल ६६ वर्षका भए ।

त्यसपछि समितिमा अनौपचारिक रुपमा दुबैलाई सभापति मान्ने अनौपचारिक सहमति भएको हो । सहमति अनुसार प्रत्येक बैठकमा न्यौपाने र कंडेल एकसाथ बस्छन् । सभापतिको अलिक फरक कुर्सी छ जहाँ न्यौपाने बस्छन् र संगै कंडेल बस्छन् । आलोपालो रुपमा सभापतित्वको अभ्यास गर्न खोज्दछन् । सामान्यतया समितिमा बायाँ समितिका सचिव र दायाँ मन्त्री उपस्थित हुँदा मन्त्री रहने गर्छन् । पूर्वप्रधानमन्त्रीको उपस्थिति भएकामा बाहेक अधिकांश समितिमा सभापतिको दायाँतर्फ मन्त्री बस्ने गर्छन् । राज्य व्यवस्था समितिमा पनि कार्यक्षेत्र अनुसार गृहमन्त्रीको उपस्थिति बाक्लै रहन्छ ।

राज्य व्यवस्था समितिमा पनि विगतमा सभापतिको बायाँ समितिका सचिव र दायाँ गृहमन्त्री बस्ने गर्दथे । तर, दुई जना सभापतिको अभ्यास गर्दा मूल सभापति न्यौपानेको वायाँ सचिव र दायाँ कंडेल बसिरहेका छन् । कंडेलपछि गृहमन्त्री बस्ने गरेका छन् । बसाइको दृष्टिले पनि समितिले न्यौपाने र कंडेललाई सभापति स्वीकार गरेको देखिन्छ ।

कंडेलले सभापतिकै शैलीमा आफूलाई प्रस्तुत गरिरहँदा सत्तारुढ गठबन्धनभित्र कसलाई सभापति बनाउने भन्ने विषयमा विवाद रहेको प्रष्ट देखाउँछ । अन्यथा स्पष्ट बहुमत रहेको समितिले जुनसुकै बेला समितिको सभापति चयन गर्न कठिनाइ छैन । सत्ता गठबन्धनका बीचमा सभापति कसलाई बनाउने भन्ने विषयमा सहमति नहुँदा करिक एक वर्षसम्म समितिको बैठक नै बस्न सकेन । ज्येष्ठ सदस्यको नेतृत्वमा बैठक राख्ने वातावरण पनि बनेन । न्यौपाने समितिमा आएपछि भने आसर १५ गते पहिलो बैठक बस्यो । समिति सभापति रिक्त भएपछि जेष्ठ सदस्यको नेतृत्वमा बैठक बस्न सक्ने र पहिलो बैठक बसेको पहिलो बैठकको ३० दिनभित्र सभापति चयन गर्नुपर्ने कानुनी व्यवस्था छ ।

'समितिको सभापति नभएको वा नरहेको अवस्थामा उपस्थित सदस्यमध्ये ज्येष्ठ सदस्यले समितिको बैठकको सभापतित्व गर्ने' प्रतिनिधिसभा नियमावलीको नियम १७३ को १० मा मा भनिएको छ । तर, समिति सदस्यहरुका अनुसार सभापति कसलाई बनाउने भन्ने विषयमा सहमति जुटेको छैन ।

यही बेला समितिको सभापति दाबी गर्दै आएको कांग्रेसले राज्य व्यवस्था समितिमा अर्का एक जना सदस्य पठाएको छ । बिहीबार कांग्रेसको आग्रहमा प्रतिनिधिसभाले सांसद भीमसेनदास प्रधानलाई राज्य व्यवस्था समितिमा पठाएको हो ।

यो संगै राज्य व्यवस्था समितिमा कांग्रेसका तर्फबाट समितिमा ६ जना सदस्य पुगेका छन् । एमालेका १० जना सदस्य छन् । माओवादी केन्द्रका ४, नेकपा एकीकृत समाजवादी र जसपाका २/२ जना, नेमकिपाका एक र स्वतन्त्र एक जना सांसद छन् । सत्ता गठबन्धन (कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा) एक भएको खण्डमा जसलाई सभापति दिने भनिन्छ उही निर्वाचित हुनेछ । कांग्रेसले सभापतिमा दाबी गर्दै आएको छ । -अनलाइनखबरबाट

# टेस्ट क्रिकेट कसरी खेलिन्छ भनेर पुनर्लेखन गर्ने प्रयास गरिरहेका छौं: बेन स्टोक्स



काठमाडौं/ भारतविरुद्ध कीर्तिमानी ठूलो योगफलको लक्ष्य पूरा गरेपछि इङ्ल्यान्डका कप्तान बेन स्टोक्सको आशा छ- टेस्ट क्रिकेटमा चौथो स्थानमा ब्याटिङ गर्ने आफ्नो टिमको नयाँ दृष्टिकोणले विपक्षीहरू भयभित हुनेछन् ।

इङ्ल्यान्डका कप्तान स्टोक्सले भारतविरुद्ध टस जितेर फिल्डिङ गर्ने निर्णय लिएका थिए । किनकि, उनलाई विश्वास थियो, चौथो इनिङ्समा प्राप्त हुने लक्ष्य इङ्ल्यान्डले पूरा गर्न सक्छ । कारण- गत महिना न्युजिल्यान्डविरुद्ध २९९, २९६ र २७७ रनको लक्ष्य इङ्ल्यान्डले सफलतापूर्वक पूरा गरेको थियो ।

कोभिड-१९ का कारण मिति परिवर्तन भएको भारतविरुद्धको पाँचौ टेस्टमा पनि इङ्ल्यान्डले जितका लागि ३७८ रनको लक्ष्य पाएको थियो । एडबास्टनमा मंगलबार सम्पन्न टेस्टमा इङ्ल्यान्ड उक्त लक्ष्य तीन विकेट गुमाएर सहजै पूरा गर्‍यो । पूर्व कप्तान जोरुटले अविजित १४२ र जोनी बेयरिस्टोले अविजित ११४ रन बनाए । दुईले चौथो विकेटका लाग २६९ रनको अविजित साझेदारी गरे । इङ्ल्यान्डले आफ्नो टेस्ट इतिहासमै पहिलोपटक यति ठूलो रनको योगफल 'चेज' गर्न सफल भयो ।

'हेर्नुस्, अहिलेको क्षणमा प्रतिद्वन्द्वीहरूले हामीलाई कसरी हेरि रहेका छन् । त्यो तेस्रो इनिङ्स अब चौथो इनिङ्स जस्तै बनेको छ । किनकि, उनीहरूले अब कसरी खेल्ने भनेर ध्यान केन्द्रित गर्नुपर्ने अवस्था बनेको छ । उनीहरू तेस्रो इनिङ्समा कति रनको योगफल खडा गर्ने भनेर चिन्तित छन्,' इङ्ल्यान्डका नयाँ कप्तान स्टोक्सले भने, 'त्यसैले, प्रतिद्वन्द्वीहरू आफ्नो इनिङ्स समाप्त गर्नु अघि डराउनुपर्ने अवस्था सिर्जना भएको छ । विशेषगरी, अग्रता लिएको अवस्थामा कसरी खेल्ने भनेर उनीहरूले थाहा छैन । अन्योलता छ ।' टिममा पलाएको नयाँ आत्मविश्वासका कारण इङ्ल्यान्डले पछिल्लो चारै टेस्टमा अविश्वसनीय सफलता हासिल गरेको छ । स्टोक्सले कप्तानको जिम्मेवारी सम्हालेपछि इङ्ल्यान्डले अविश्वसीय लक्ष्य पूरा गर्न सफल भएको छ ।

स्टोक्सले कप्तानको जिम्मेवारी पाउनुअघि इङ्ल्यान्डले रुटको कप्तानीमा १७ टेस्ट क्रिकेटमध्ये एकमा मात्र विजय हासिल गर्न सकेको थियो । जसका कारण आईसीसी विश्व टेस्ट च्याम्पियनसीपको अंक तालिकामा इङ्ल्यान्ड पुछारमा थियो । लगातार चार खेलमा जित हासिल गरेपछि इङ्ल्यान्ड दुई स्थान माथि उक्लिएको छ ।

नयाँ प्रशिक्षक, नयाँ कप्तान । टिममा भएको परिवर्तनसँगै उनीहरूको आत्मविश्वासमा पनि परिवर्तन भएको छ । 'विशेषगरी इङ्ल्यान्डमा टेस्ट क्रिकेट कसरी खेलिन्छ भनेर हामी पुनर्लेखन गर्ने प्रयास गरिरहेका छौं,' कप्तान स्टोक्सले भने, 'हामीले पछिल्लो ४, ५ साता सँगै बसेर सबै फरक फरक परिस्थितिमा कसरी अघि बढ्ने भनेर सबै विकल्पमा योजनाहरू बनायौं । जसले हामीलाई अगाडि बढाउन सहयोग गर्‍यो ।'

इङ्ल्यान्डले अब घरेलु मैदानमा सेतो बलमा थुप्रै शृंखला खेल्दै छ । भारत र दक्षिण अफ्रिकाविरुद्ध तीन एकदिवसीय अन्तर्राष्ट्रिय र तीन ट्वान्टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेल्दैछ । उनीहरू सेतो बलमा टोलीको लयलाई कायम राख्ने योजनामा छन् । साथै १७ अगष्टबाट हुने दक्षिण अफ्रिकाविरुद्धको तीन खेलको टेष्ट शृंखलामा पनि चौथो इनिङ्समा नायकीय प्रदर्शन गर्ने आशमा छन् ।

'हामी टेष्ट क्रिकेट नयाँ जीवन दिन चाहन्छौं । हामीले पछिल्लो पाँच साता जुन हिसाबले क्रिकेट खेल्यौं, त्यो असाधारण छ,' स्टोक्सले भने, 'छोटो अवधिमा हामीले गरेको प्रदर्शन अद्भूत छ । हामीले टेस्ट क्रिकेटमा दर्शकलाई नयाँ स्वाद दिएको अनुभव गरेका छौं । हामी के गर्न चाहन्छौं भनेर नयाँ पुस्तालाई प्रेरित गर्नुछ । हामीले जुन खालको प्रदर्शन गरेका छौं । त्यो खेलको नतिजाभन्दा महत्त्वपूर्ण छ । भविष्यमा इङ्ल्यान्डको प्रतिनिधित्व गर्ने र यसको ड्रेसिङको रूपमा आउने पुस्ताका लागि टेस्ट क्रिकेटको नयाँ आयाम छाडेर जानेछौं ।'

-साभार: बाह्रखरी

# निर्माता भएपछि प्रेसरमा सौगात

काठमाडौं/ निर्माताको पीडा बुझ्न एकपटक भए पनि कलाकारले फिल्म निर्माण गर्नुपर्छ भन्ने गरिन्छ ।

फिल्ममा अभिनय गरेपछि आफ्नो सबै दायित्व सकिएको ठान्ने एकाध कलाकारका कारण कयौन् निर्माता रुँदै हिँड्नु परेको छ । एउटा निर्मातले बैंकबाट ऋण लिएर होस् वा जीवनभर कमाएको पैसाले फिल्म बनाएको हुन्छ । तर, केही कलाकारले पारश्रमिक पाएपछि निर्माताको समस्या र पीडा नै विर्सन्छन् ।

पछिल्लो समय कलाकारहरु पनि फिल्म निर्माणमा होमिने क्रम बढ्दो छ । भुवन केसी, करिश्मा मानन्धर, रेखा थापा, निखिल उप्रेती, विराज भट्ट, रमेश उप्रेती, निशा अधिकारी, पूजा शर्मा लगायतका कलाकारहरु निर्माता भइरहेको अवस्थामा अभिनेता सौगात मल्लले पनि फिल्म 'दि सिक्रेट अफ राधा'बाट निर्माणमा हात हालेका छन् । यो फिल्म आगामी भदौ १० गतेबाट प्रदर्शनमा आउन तयारीमा छ ।

अरु निर्माताको फिल्म हातमा परेपछि सौगात हत्तपत्त उम्काउँदैनन् । वर्षमै आधा दर्जनभन्दा बढी फिल्ममा काम गर्न भ्याउने उनले प्रचारमा पनि खासै समय दिन सक्दैनन् ।

तर, आफैं निर्माता भएपछि उनले 'राधा'का लागि तीन महिना अभिनयबाट ब्रेक नै लिएका छन् । अब उनी यो फिल्म प्रदर्शनमा नआएससम्म न कुनै फिल्मको छायांकनमा व्यस्त हुनेछन् न कुनै नयाँ फिल्म साइन गर्नेछन् ।

बुधवार पशुपति क्षेत्रमा 'राधा'को तिज गीतको छायांकन भइरहँदा सौगात पनि पुगेका थिए । गीतमा उनको सिन थिएन तर, उनी निर्माताको रुपमा उपस्थित थिए । उनी केही प्रेसरमा देखिन्थे ।

सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा उनले निर्माता भएपछि प्रेसर हुनु सामान्य रहेको बताए । उनले भने, 'कलाकार र निर्माता हुनुमा फरक हुन्छ नै । निर्माताको रुपमा मलाई यो सिक्ने मौका पनि हो । प्रेसर र दौडधुप त हुन्छ नै ।'

'दि सिक्रेट अफ राधा'ले उठाएको कथामा फिल्म बन्नुपर्छ भन्ने लागेर लगानी गरेको सौगातको भनाई छ । उनी अगाडि भन्छन्, 'नेपालमा यस्तो फिल्म पनि बन्नुपर्छ भन्ने मलाई लाग्छ । यस्तो कथावस्तुमा लगानी गर्ने मान्छेहरु त्यत्ति हुँदैनन् अनि यस्तो फिल्म पनि बन्नुपर्छ भन्ने भएर लगानी गरेको हुँ ।' फिल्मको कथामा सबैले रिलेट गर्न सक्ने र समाजमै देखिरहेको कथामा फिल्म बनेको उनी बताउँछन् । -साभार: फिल्मीखबर

# दलहरुको...

सबै समान बसेर लहरमा मुठ्ठी समाएर क्षमा माग भन्नु पनि अन्याय हुन्छ । दोष जसको जति छ क्षमा माग्ने हिस्सा पनि उसले उति नै लिनुपर्छ । माथि लेखिएका राजनीतिक दलहरुमा मुख्यत: तीन प्रवृत्ति, प्रकार छन् । एउटा कम्युनिस्ट प्रवृत्ति र प्रकार । अर्को लोकतान्त्रिक । राप्रपाको धार चाहिं धार्मिक राजावादी हो । यस्ता मूलभूत मान्यता राख्नेबीच अरु कुनै फरकपन छैन र यी समान हुन् भन्न मिल्दैन । अर्थात्, कम्युनिस्टहरुबीच पनि फरक सीमा निर्मित छन् । त्यस्तै अरुमा पनि । प्रभावको हैसियतमा अरु परै छन् । खासमा सिद्धान्तत: नेपाली कांग्रेसले लोकतान्त्रिक धारको नेतृत्व गर्छ भने कम्युनिस्ट (एमाले, माओवादी केन्द्र )ले एकदलीय अधिनायकवादी कम्युनिस्ट सत्ताको वैचारिक पोषण गर्छन् । नेपाली राजनीतिका खास यी दुई प्रवृत्ति, पात्र र प्रणालीवीचको भिन्नता र यिनको व्यवहारको परख जरुरी छ । मूल्यांकनको कसी सिद्धान्त र व्यवहार नै हो ।

अमेरिकी विद्वान् फ्रान्सिस फुकुयामाले राजनीतिमा सिद्धान्त सकिएको भने पनि त्यो सकिएन । व्यवहारले सिद्धान्तलाई ढाकेको (ओभर ल्याप गरेको) मात्रै हो । सिद्धान्त मरिसकेको हुन्थ्यो भने अहिले पनि किन अधिनायकवादी, प्रजातन्त्रवादी र तानाशाही विचार बाँची रहन्थे ? वा यस्तै धरातलका प्रणाली विश्वमा किन चलिरहन्थे ? प्रश्न कति निष्ठापूर्वक सिद्धान्तलाई प्रयोग र व्यावहारिक बनाइयो भन्नेमात्र हो । यसको अर्थ सिद्धान्तरहित भइयो भन्ने होइन । दलहरुले सिद्धान्तलाई भजाइ खाने व्यवहार बनाए होलान् तर राजनीतिक चेतको सिँगो नागरिक समाज सिद्धान्तहीन भइसक्यो भन्न मिल्छ र ? अवस्था यही हो त ? होइन । नेपालका राजनीतिक दलको मूल्यांकन गर्ने समीक्षकले पनि टिप्ने आधार सिद्धान्त र व्यवहार नै हो । नेपाली राजनीतिमा कांग्रेस, कम्युनिस्ट कसको सिद्धान्त के र त्यस अनुकूल कसको व्यवहार जारी छ ? हेरौं त । सिद्धान्त एकातिर कर्म अर्कैतिर कसको छ ?

यति भनिसके पछि वा हलेदो भन्ने चिनेपछि चिन्नकै लागि फेरि हलेदो कोट्याउनु पर्छ र ? थप, बोली, व्यवहार र घोचपेचमा कम्युनिस्टहरु नै जति पनि रसातल झर्न सक्दा रहेछन् त्यति त राप्रपा पनि बिरलै झर्ला ?

नेपाली कांग्रेसले सुकृतिमात्र गर्‍यो, विकृति गरेन भन्ने आधार, प्रमाण छैन । तर, कम्युनिस्ट जति स्खलित कुनै पनि सन्दर्भमा कांग्रेस चाहिं छैन, स्पष्ट भन्न सकिन्छ । फरक छुट्याऊँ । हिस्सा लाग्ला । सबै समान छैनन् । नेताका कारण दलहरुले बदनामी कमाए तर यसैलाई प्रणाली भत्काउन उद्यत छद्महरुलाई उकास्ने नादानी समीक्षकले गर्नु हुँदैन । नेपाली राजनीतिले सही मूल्यांकन खोजिरहेकोछ । राजनीति सधैं मूल्यांकनको कसीमा घोटिनै पर्छ, घोटिन्छ तर त्यसको आधार यथार्थपरक चाहिँ बनाइनुपर्छ । -साभार: बाह्रखरी

# खराब ब्याटिङसँगै नेपालको लज्जास्पद हार



एजेन्सी/ खराब ब्याटिङ गर्दै नेपालले दोस्रो एकदिवसिय अभ्यास खेलमा घरेलु टोली क्यानाडासँग ८३ रनको लज्जास्पद हार बेहोरेको छ । योसँगै दुई खेलको अभ्यास खेलको सिरिज क्यानाडाले १-० ले जितेको छ । जितको लागि १ सय ८९ रनको मध्यम लक्ष्य पछ्याएको नेपाल ३९.२ ओभरमा १ सय ५ रनमा अल आउट भयो । नेपालका ओपनर कुशल भुर्तेल १७ बलमा १ रन र पवन सरार्फ २७ बलमा १४ रनमा आउट भए । देव खनाल ४९ बलमा २ चौकासहित २६ रनमा आउट भए ।

रोहित पौडेल ६, दीपेन्द्रसिंह ऐरी गोल्डेन डक, आरिफ शेख डक, बसिर अहमद ४१ बलमा १३ र विनोद भण्डारी २३ बलमा १ छक्कासहित १३ रनमा आउट भए । आदिल अन्सारी १३ र सन्दीप लामिछाने ११ रनमा आउट भए । करण केसी पाँच रनमा अविजित रहे । क्यानाडाका अमर खालिद, सलमान नजर, रोमेल शहजाद, साद विन जाफर र हर्ष ठकरले दुई दुई विकेट लिए । त्यसअघि किंग सिटीमा रहेको मेपल लीफ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको क्यानाडाले निधारित ५० ओभरमा ९ विकेट गुमाउँदै १ सय ८८ रन बनाएको थियो ।

एक समय ३८ ओभरमा ११८-९ को अवस्थामा पुगेको क्यानाडालाई श्रेयस मोभा र अमर खालिदले अन्तिम विकेटका लागि ७० रनको सानदार अविजित साझेदारी गरेपछि प्रतिस्पर्धात्मक योगफल तयार पारेको हो । श्रेयसले ५९ बलमा ३ चौका र २ छक्कासहित ५० रनमा अविजित रहे । खालिद ३६ बलमा ३ चौका र १ छक्कासहित ३० रनमा अविजित रहे । क्यानाडाका ओपनर आरोन जोनसन ५५ बलमा ८ चौकासहित सर्वाधिक ४४ रनको योगदान दिए । क्यानाडाका ओपनर रयान खानपठान पहिलो ओभरको अन्तिम बलमा १ रनमा आउट भए । तीव्र गतिका बलर किशोर महतोले पठानलाई बोल्ड गरेका थिए । आदिल अन्सारीले दशौं ओभरको अन्तिम बलमा भूपेन्द्रलाई बोल्ड आउट गरे । भूपेन्द्रसिंह २८ बलमा १ चौकासहित १० रनमा आउट भए । दोस्रो विकेटका लागि भुपेन्द्र र आरोनले ३९ रनको साझेदारी गरेका थिए ।

क्यानाडाले यस खेलमा आफ्ना केहि प्रमुख खेलाडीलाई भने विश्राम दिएको छ । कप्तान नवनित धलिवाल, अष्ट्रेलियन म्याथ्यु स्पोर्स, हम्जा तारिक, कलिम सना लगायतका खेलाडी भने छैनन् । सन्दीपले राम्रो प्रदर्शन गरेको आरोनलाई १७ औं ओभरमा एलबीडब्लू आउट गरे । स्पिनर बसिर अहमदले २० औं ओभरको चौथो बलमा विकेटकिपर विनोद भण्डारीबाट हर्ष ठकरलाई शून्यमा क्याच गराएपछि क्यानाडा ७२-४ को अवस्थामा पुगेको थियो ।

सन्दीपले अखिल कुमारलाई एक्स्ट्रा कभरमा आदिलबाट १२ रनमा क्याच गराएका थिए । त्यसपछि दीपेन्द्रले दुई विकेट लिए । दीपेन्द्रले कप्तान साद बिन जाफरलाई ३ रनमा बोल्ड गर्दा क्यानाडा ८७-६ को अवस्थममा पुग्यो । दीपेन्द्रले ३१ औं ओभरको पाँचौं बलमा अर्मान कपुरलाई १० रनमा बोल्ड गर्दै दयनीय अवस्थमा पुर्‍याएका थिए । नेपालका कप्तान सन्दीप लामिछानेले १० ओभरमा २ मेडनसहित ३१ रन खर्चेर ३ विकेट लिए । दीपेन्द्रसिंह ऐरीले ९ ओभरमा १ मेडनसहित ३३ रन खर्चेर २ विकेट लिए । बसिर अहमद, आदिल अन्सारी र करण केसीले एक एक विकेट लिए ।

नेपाल अव स्कटल्यान्ड जानेछ । नेपाल, स्कटल्यान्ड र नामिबियाबीच त्रिकोणात्मक ओडिआई सिरिज हुनेछ । नेपाललाई आगमी वर्ष हुने एकदिवसिय विश्वकप ग्लोबल छनोट सिधैं खेल्न र ओडिआई मान्यतालाई निरन्रता दिन बाँकी सबै खेल खेल्नु पर्ने हुन्छ । नेपाल १६ खेलमा ७ मा जित, ८ मा हार र १ खेल टाईका साथ १५ अंक जोड्दै पाँचौं स्थानमा छ ।

नेपाललाई सिधै विश्वकप ग्लोबल छनोट खेल्न शीर्ष तीनमा पर्नुपर्ने हुन्छ । अन्यथा प्लेअफ खेल्नुपर्ने हुन्छ । प्लेअफबाट ६ टोलीको खेलमा पुन शीर्ष दुईमा पर्न सके विश्वकप ग्लोबल छनोट खेल्न पाउनेछ । ओडिआई मान्यतालाई निरन्तरता दिन अंक तालिकामा शीर्ष पाँचमा पर्नुपर्ने हुन्छ । -साभार: हाम्रो खेलकुद

**आकर्षक घडेरी बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।

सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# भीमफेदी छोड्ने धेरै, आउने न्यून

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ मकवानपुरको पुरानो सदरमुकाम भीमफेदी बजारसमेत रहेको भीमफेदी गाउँपालिकाबाट बसाई आउनेभन्दा सरेर जाने तीन गुणा बढी रहेको पाइएको छ ।


मुलुकमा स्थानीय तह आएपछि विकास र समृद्धिसँगै रोजगारीको सृजना र स्वरोजगार बनाउने नीतिले गाउँमै बसोबास गर्नेहरुको संख्या बढ्ने आंकलन विपरित भीमफेदीबाट बसाई सरेर जाने बढेका हुन् ।



चालु आर्थिक वर्ष २०७८/०७९ को तथ्यांकअनुसार गाउँपालिकामा बसाई सरी आउने परिवारको संख्या २९ मात्रै रहेको छ । तर, गाउँपालिकाबाट बाहिरिनेको संख्या भने ९२ रहेको छ । भीमफेदीको ९० प्रतिशत भूभाग भौगोलिक रुपले विकट छ ।

भीमफेदीबाट चालु आवमा २९ परिवारका १ सय ४४ भित्रिएका छन् । ९२ परिवारका ३ सय ५० नागरिक बाहिरिएका छन् । गाउँपालिकाको ग्रामीण भेगबाट बसाई सरी जानेको संख्या अत्याधिक छ । ग्रामीण क्षेत्रबाट धेरै जना बसाई सरेको गाउँपालिकाका सूचना अधिकारी बद्री सापकोटाले जानकारी दिए । पालिकाभित्रै पनि ग्रामीण क्षेत्रबाट पालिका केन्द्र तथा आसपास बसाई सर्ने क्रम अत्याधिक रहेको सापकोटाले बताए । गाउँपालिकामा चालु आवमा विभिन्न प्रकारका एक हजार ३ सय ७७ घटना दर्ता भएका छन् । पालिकामा ३ सय ११ बालकको र ३ सय ४४ बालिकाको जन्मदर्ता भएको छ । एक सय २२ पुरुषको र ८७ महिलाको मृत्यु दर्ता भएको पालिकाले जनाएको छ । पालिकामा चालु आवमा ३ सय ६५ विवाह दर्ता भएका छन् । २७ वटा सम्बन्धविच्छेदका घटना दर्ता भएको गाउँपालिकाले जानकारी दिएको छ ।

# बरिष्ठ पत्रकार बिष्टको पुस्तक 'छेलिएका अनुहार' बजारमा




साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ मकवानपुरका बरिष्ठ पत्रकार प्रताप विष्टले लेखेको पुस्तक 'छेलिएका अनुहार' बजारमा आएको छ ।

बिष्टले अल्पसंख्यक चेपाङ, बनकरिया समुदाय र राणाकालमा गाडी बोक्नेहरुको विषयमा लेखेको पुस्तक 'छेलिएका अनुहार' कृति सांग्रीला पब्लिकेशनले प्रकाशन गरेर बजारमा ल्याएको हो । पुस्तक असार ३२ गते शनिबार हेटौंडामा औपचारिक रुपमा सार्वजनिक गर्ने जनाइएको छ ।

२०४९ साल फागुन १३ गतेदेखि कान्तिपुर दैनिकमा आवद्ध भएका विष्टले २०५० सालदेखि अल्पसंख्यक चेपाङ समुदायको विषयमा समाचार लेख्न थालेका थिए ।

बिष्टले चेपाङ, बनकरिया र गाडी बोक्नेको विषयमा तीन खण्डमा पुस्तकलाई विभाजन गरिएको उल्लेख गरिएको बताए ।

# 'अस्पतालको सुधारमा सरोकारवाला निकायको चासो नहुनु दुःखद'

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ मकवानपुर जागरण अभियानले हेटौंडा अस्पतालको बेथिति हटाउन सरोकारवाला निकायहरुको चासो नहुनु दु:खद रहेको जनाएको छ ।

अस्पतालमा कार्यरत डाक्टर, नर्स, टेक्निसियन र कर्मचारीको लापरवाही र हेलचेक्र्याइँको कारण दैनिक बिरामीले भोग्नु परेको सास्ती र हैरानीका विषयमा सरोकारवाला निकायहरुले चासो लिएर समस्या हटाउन नखोजेको भन्दै अभियानले बिहीवार एक विज्ञप्ति जारी गर्दै ध्यानाकर्षण जनाएको हो ।




'अस्पतालमा राजनैतिक दल, स्थानीय र प्रदेश सरकार तथा नागरिक समाज, मानव अधिकारवादी संघसंस्थाहरुले समेत कुनै किसिमको चासो नदेखाउनु निकै नै गम्भिर र दु:खद पक्ष हो', अभियानले विज्ञप्तिमा भनेको छ । अस्पतालमा चरम लापरवाही र बेथिति भएको भन्दै सुरु भएको अस्पताल सुधार अभियानमा ऐक्यवद्धता जाहेर गरेको अभियानले जनाएको छ । संस्थाका अध्यक्ष कृष्णराज कोइरालले जारी गरेको विज्ञप्तिमा हेटौंडामा रहेका सचेत युवाहरुको समूह सार्वजनिक सेवा सुधार संघर्ष समितिले अस्पताल सुधारको लागि गरेको संघर्षमा संस्थाको पूर्ण साथ र समर्थन रहेको उल्लेख छ । अस्पतालमा चरम लापरवाही र बेथितिका कारण दैनिक जसो सयौंको संख्यामा आउने बिरामीले भोग्नु परेको सास्ती र हैरानीको समस्या तत्काल हटाउन अभियानले आग्रह गरेको छ ।

# यस्ता छन् गृह मन्त्रालयको यातायात क्षेत्रमा सुधारका योजना

काठमाडौं/ गृह मन्त्रालयले सफा, सुरक्षित र सभ्य यातायात क्षेत्र निर्माण गर्ने योजनाअघि बढाएको छ । मन्त्रालयका सचिव टेकनारायण पाण्डेको सचिवस्तरीय निर्णयबाट यातायात क्षेत्रको कमजोरी सुधार गर्दै व्यवस्थित बनाउन उक्त योजना अघि सारिएको हो ।


मुख्यगरी कमजोर सडक पूर्वाधार, सवारी साधनको मर्मत अभाव, न्यूनतम पूर्वाधारको कमी, गाडीको स्वरुप बिगार्ने, यातायातकर्मी तथा यात्रुहरूमा सचेतनाको कमी, ट्राफिक पूर्वाधारको अभावजस्ता समस्यालाई न्यूनीकरणका लागि उक्त योजना ल्याइएकोहो । हालै तयारी पारिएको योजना कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालय र निकायलाई पत्राचारसमेत गरिएको गृह मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयले उक्त योजना समेटेर सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सहरी विकास मन्त्रालय, प्रहरी प्रधान कार्यालय र सबै जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाएको छ । मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सबै स्थानीय तहमा परिपत्र गर्न र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सात वटै प्रदेशमा परिपत्रका लागि अनुरोधसहित पत्र पठाएको छ ।

उक्त योजनामा सडकमा ग्रीन बेल्ट विकास गर्नुपर्ने, विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्नुपर्ने, सवारी साधनबाट सिर्जित फोहर मैलाको समयमै व्यवस्थापन गर्नुपर्ने, दैनिक सडकको सरसफाइ गर्ने, यान्त्रिक कुचोको माध्यमबाट सफा गरी सडकबाट धुलो नउड्ने अवस्था सिर्जना गर्ने, सहर भित्रिने मुख्य नाकामा वासिङ सेन्टर स्थापना गरी सवारी साधनलाई सफा बनाई शहर भित्र पस्ने व्यवस्था मिलाउने भनिएको छ । त्यस्तै, भेहिकल फिटनेश सेन्टरको स्थापना गर्ने, प्रदूषण फैलाउने पुराना सवारी साधनलाई विस्थापन गर्ने, सवारी साधनभित्र कुहिने र नकुहिने फोहरका लागि फरकफरक डस्टबिन राख्नुपर्ने र उक्त फोहरको उचित स्थानमा विसर्जन गर्नुपर्ने, यात्रुका लागि सवारी साधनमा बमन थैलीको व्यवस्था गर्नुपर्ने, गाडीमा अनावश्यक लेखन तथा विज्ञापन राख्न नहुने, त्यस्तो राखेको पाइएमा यथाशीघ्र सावरी धनीले उक्त लेखन तथा विज्ञापन हटाउनुपर्ने उल्लेख छ । सार्वजनिक यातायातमा सिट क्षमताभन्दा यात्रु राख्न रोक लगाउने, राखेको पाइएमा प्रहरीमार्फत कारबाही प्रक्रियाअघि बढाउने, सार्वजनिक यातायात तथा सरकारी सवारी साधनमा जिपिएस जडान गर्नुपर्ने, ट्राफिक व्यवस्थापन सम्बन्धमा समय समयमा सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने, साइकलको लागि छुट्टै लेनको व्यवस्थापन गर्नुपर्ने, अपाङ्गतामैत्री, बालबालिकामैत्री सडक सञ्जाल विस्तार गर्नुपर्ने उल्लेख छ ।

त्यस्तै, खाल्डाखुल्डी नियमित पुर्नुपर्ने, सडक पूर्वाधारको मर्मत कार्य समयमै गर्नुपर्ने, ट्राफिक लाइट तथा सडक चिह्नको उचित व्यवस्थापन तथा नियमित मर्मत सम्भार गर्नुपर्ने सार्वजनिक यातायातलाई भरपर्दो बनाई निजी सवारी साधन राख्ने प्रवृत्ति निरुत्साहित गर्नुपर्ने उक्त योजनामा उल्लेख छ ।

योजनामा नयाँ सहर विकास गर्दा पार्किङ क्षेत्रको पहिले नै पहिचान गर्नुपर्ने, सडक छेउमा निर्माण सामग्री थुपार्ने, संरचना निर्माण गर्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्ने, सडक क्षेत्र पूर्ण प्रयोगमा ल्याउने, सडक रुट, सडकको अवस्था, जनघनत्व, बस्ती संरचनालाई अध्ययन गरे मात्र रुट निर्धारण तथा रुट परमिट जारी गर्नुपर्ने, वैकल्पिक रुटको प्रबन्ध गर्ने, मुख्यमुख्य चोकमा सिसिटिभी क्यामेराको व्यवस्था गर्ने, सडकको अवस्था हेरी गतिको अधिकतम सीमा कायम गर्ने विषय समावेश छ ।




गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

# हेटौंडाको गुम्बाडाँडामा मूर्तिकारको कलाले जीवन्त राखेको 'मूर्ति बगैंचा'

हेटौंडा, २३ असार/ बगैंचा भन्ने बित्तिकै हामी फूलैफूलको संसार भन्ने सम्झन्छौं तर हेटौंडामा भने एउटा अलग्गै बगैंचा छ- मूर्तिहरूको बगैंचा । हर्नामाडी कला प्रतिष्ठानले संरक्षण गरेको यस बगैंचामा देश विदेशका सुप्रसिद्ध कलाकारले कुँदेका आकर्षक मूर्तिहरू देख्न पाइन्छ ।

यो मूर्ति बगैंचा हेटौंडा उपमहानगरको पूर्वी क्षेत्रमा अवस्थित छ । यस पर्यटकीय क्षेत्रमा पुग्ने जोकोही यहाँ बसेर कलाकारले गरेको साधना देखेपछि मन्त्रमुग्ध हुन्छन् तर पनि यस ठाउँको जति चर्चा हुनुपर्ने हो त्यति नभएको हो कि भन्ने जो कोहीलाई लाग्नसक्छ ।

बागमती प्रदेशको राजधानी मकवानपुरको हेटौंडाबाट मदन भण्डारी राजमार्ग धरान चतारा रोड हुँदै १८ किलोमिटर पूर्व हेटौडा उपमहानगरपालिका वडा नम्बर १८ मा पर्ने गुम्बाडाँडामा छ, यो मूर्ति बगैंचा । यो सुन्दर एवम् रमणीय पर्यटकीय स्थलमा हर्नामाडी कला प्रतिष्ठानले गरेको प्रयासले यो मूर्ति बगैंचा स्थापना भएको हो । यसको चर्चा अहिले व्यापक बन्दै गएको छ ।

गुम्बाडाँडामा विशाल आकारका ढुंगाहरूलाई कुँदेर बनाइएका मूर्तिहरूको सुन्दर बगैंचा निर्माण गरिएको छ । जंगलको बीचमा रहेको चौरमा देश तथा विदेशका प्रसिद्ध कलाकारहरूले अनेक मूर्तिहरू कुँदेका हुन् । मूर्ति बगैंचामा कुँदिएका मूर्तिले त्यहाँ पुग्ने जो कोहीलाई मोहित बनाउँछ । झण्डै ६ हेक्टर क्षेत्रफलमा फैलिएको यस क्षेत्रमा चीन, इटाली, भारत, जापान, दक्षिण कोरिया र नेपालका कलाकारहरूले २३ वटा विभिन्न सन्देश प्रवाह गर्ने मूर्ति कुँदेका छन् । त्यसैगरी सोही स्थानमा बनाइएको २५ फिट अग्लो विशाल बुद्ध मूर्तिले यो बगैंचालाई अझै आकर्षक बनाएको छ । त्यहाँ बनाइएका हरेक मूर्तिहरूको आ-आफ्नै विषेशता रहेका छन् ।

बगैंचा भन्ने बित्तिकै हामी फूलैफूलको संसार भन्ने सम्झन्छौं तर हेटौंडामा भने एउटा अलग्गै बगैंचा छ- मूर्तिहरूको बगैंचा । हर्नामाडी कला प्रतिष्ठानले संरक्षण गरेको यस बगैंचामा देश विदेशका सुप्रसिद्ध कलाकारले कुँदेका आकर्षक मूर्तिहरू देख्न पाइन्छ । यो मूर्ति बगैंचा हेटौंडा उपमहानगरको पूर्वी क्षेत्रमा अवस्थित छ । यस पर्यटकीय क्षेत्रमा पुग्ने जोकोही यहाँ बसेर कलाकारले गरेको साधना देखेपछि मन्त्रमुग्ध हुन्छन् तर पनि यस ठाउँको जति चर्चा हुनुपर्ने हो त्यति नभएको हो कि भन्ने जो कोहीलाई लाग्नसक्छ ।

बागमती प्रदेशको राजधानी मकवानपुरको हेटौंडाबाट मदन भण्डारी राजमार्ग धरान चतारा रोड हुँदै १८ किलोमिटर पूर्व हेटौडा उपमहानगरपालिका वडा नम्बर १८ मा पर्ने गुम्बाडाँडामा छ- यो मूर्ति बगैंचा । यो सुन्दर एवम् रमणीय पर्यटकीय स्थलमा हर्नामाडी कला प्रतिष्ठानले गरेको प्रयासले यो मूर्ति बगैंचा स्थापना भएको हो । यसको चर्चा अहिले व्यापक बन्दै गएको छ ।

गुम्बाडाँडामा विशाल आकारका ढुंगाहरूलाई कुँदेर बनाइएका मूर्तिहरूको सुन्दर बगैंचा निर्माण गरिएको छ । जंगलको बीचमा रहेको चौरमा देश तथा विदेशका प्रसिद्ध कलाकारहरूले अनेक मूर्तिहरू कुँदेका हुन् । मूर्ति बगैंचामा कुँदिएका मूर्तिले त्यहाँ पुग्ने जो कोहीलाई मोहित बनाउँछ । झण्डै ६ हेक्टर क्षेत्रफलमा फैलिएको यस क्षेत्रमा चीन, इटाली, भारत, जापान, दक्षिण कोरिया र नेपालका कलाकारहरूले २३ वटा विभिन्न सन्देश प्रवाह गर्ने मूर्ति कुँदेका छन् । त्यसैगरी सोही स्थानमा बनाइएको २५ फिट अग्लो विशाल बुद्ध मूर्तिले यो बगैंचालाई अझै आकर्षक बनाएको छ । त्यहाँ बनाइएका हरेक मूर्तिहरूको आ-आफ्नै विषेशता रहेका छन् ।



मूर्ति बगैंचामा मकवानपुरे कलाकार बाबुलाल वाइबाले कुँदेको 'विश्वकै पहिलो आमा' नाम दिइएको मूर्ति लोकप्रिय छ । त्यस्तै जापानका सुगिमोतो जुनयीचिरोले कुँदेको 'भटमासको कोसा र बिउ', कोरियाका सिम जुङ सुले कुँदेको 'विश्वको औद्योगीकरण', चीनका लियु याङ्ले कुँदेको 'आपतकालीन संरक्षण' सम्बन्धी मूर्ति विविध परिवेश प्रस्तुत गरिरहेका छन् । त्यस्तै कार्यशालामा सहभागी एकमात्र महिला कलाकार फ्रान्सकी लतितिया बाजलियरले कुँदेको 'भूगर्भ ध्वनी प्रवाह', नेपाली मूर्तिकारहरू राजन काफ्लेले कुँदेको 'जीवन चक्र', गंगाधर सारु मगरले कुँदेको 'स्वप्न', लक्ष्मण भुजेलले कुँदेको 'उत्सुकता', पूर्णकाजी शाक्यले कुँदेको 'शान्ति भूमि नेपाल', शारदामान श्रेष्ठले कुँदेको 'समुन्द्र मन्थन', ओमभक्त भण्डारीले कुँदेको 'भगवान गणेश एवम् कछुवा' विछ्टै आकर्षण थपेका छन् ।

यसैगरी बैकुण्ठमान श्रेष्ठले कुँदेको 'साँढेको स्वरूप', गोविन्द चौधरीले कुँदेको 'शान्तिको प्रतिक', विष्णुप्रसाद श्रेष्ठले कुँदेको 'सूर्यास्त', ओम खत्रीले कुँदेको 'प्रयोग विहीन शक्ति', बुद्ध थारुले कुँदेको 'बुद्धको अर्धाकार एवं अष्टमङ्गल', प्रकाशरत्न शाक्यले कुँदेको 'सिंहासन', राजु पिठाकोटेले कुँदेको 'सुनौलो भविष्यको आशा', बाबुलाल वाइबाले कुँदेको 'हामी सबै मिलेर बसौं' र नरेन्द्रप्रसाद भण्डारीले कुँदेको 'शक्ति क्षयीकरण' जस्ता मूर्तिहरूले त्यहाँको सौन्दर्य वृद्धि गरिरहेकोछ । यहाँ थोरै लगानी गर्ने हो भने देशकै आकर्षक गन्तव्य बन्न सक्ने स्थानीयहरू बताउँछन् । स्थानीय युवा हर्क रम्तेल, देशका चर्चित ललितकलाकर्मी लक्ष्मण भुजेल, डा. तारालाल श्रेष्ठलगायतका समाजसेवीहरूको अग्रसरतामा पर्यापर्यटकीय पार्क हर्नामाडी र तत्कालीन जिल्ला विकास समितिले वि.सं. २०६९ मा नेपालमै पहिलो पटक 'प्रथम अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला' सम्पन्न गरेको थियो ।

*-साभार: जनपत्र*

# सकियो पाँच दिने नमुना प्रदेश युवासभा अभ्यास

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ प्रदेश युवा परिषद् बागमती प्रदेशको आयोजनामा भएको पाँच दिने नमुना प्रदेश युवासभा अभ्यास कार्यक्रम सम्पन्न भएको छ ।

बागमती प्रदेशसभाका सभामुख सानुकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा बिहीबार कार्यक्रमको समापन गरिएको हो । कार्यक्रममा बोल्दै सभामुख श्रेष्ठले संसद्को काम भनेको कानून निर्माण गर्ने बताए ।

अहिले सांसद्हरु कानून निर्माण भन्दा पनि आफ्ना क्षेत्रमा कसरी धेरै बजेट पार्ने र विकास निर्माणका काम गरेर देखाउने भन्ने अभियानमा लागेको बताउँदै उनले यस्ता कार्यहरुले गर्दा संसद्को अभ्यास हुँदै जाने बताए । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले संसद्को अभ्यास गर्ने अवसर भएकाले यसमा युवाहरु एकजुट भएर लाग्नुपर्ने बताए ।

स्थानीय तहमा सरकार र प्रतिपक्ष नभएर एक भएर काम गर्ने अभ्यास गर्दै आएको उनको भनाइ छ । यस्तै, प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले पाँच दिनको तालिमपछि युवाहरुले ठ्याक्कै संसद्को अभ्यास गरेर देखाएको बताए ।

अहिले स्थानीय तहमा युवा नीतिको आवश्यक रहेको बताउँदै उनले प्रदेशका पालिकाहरु युवा मैत्री बनाउनका लागि आग्रह गरे । बागमती प्रदेशसभाका सदस्य प्रेमबहादुर पुलामी (छिन्तु), गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष आरती पाठकलगायतको आतिथ्यता रहेको कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले तालिममा सहभागी युवाहरुलाई प्रमाणपत्र वितरण गरेका थिए ।

# स्थानीय तहले टेरेनन् संघीय मामिलालाई

काठमाडौं/ स्थानीय तहहरुले आफूहरुले गरेका काम कारबाहीका बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउनु पर्ने भए पनि कतिपय विषयमा अटेरी गर्ने गरेको पाइएको छ ।

मन्त्रालयका अनुसार स्थानीय तहरुले नीति-कार्यक्रम बजेट सहित अन्य विषयहरुमा रिपोर्टिङ गरेका छैनन् । स्थानीय तह सरकार सञ्चालन ऐन अनुसार आगामी आर्थिक वर्षको बजेट पेश गर्ने र नगर्ने स्थानीय तहबाट समेत मन्त्रालयमा रिपोर्टिङ भएको छैन । मन्त्रालयका एक कर्मचारीका अनुसार स्थानीय तहहरुले संघीय मामिला मन्त्रालयले दिने निर्देशन, ऐन निर्माणको लागि पठाएको ड्राफ्टको खासै वास्ता गरेको छैनन् ।

'हामीले पठाएको निर्देशन, बजेट पेश गर्ने मिति, मन्त्रालयको साइटमा गर्नुपर्ने अपडेट केहि गरेका छैनन्,' ती कर्मचारीले भने, 'हाकिम सरुवा गर्नुपरे राजनीतिक पहुँच बोकेर मन्त्रालयमा आउँछन । हामीलाई टेर्दा सानो हुन्छौं कि भन्ने लाग्छ क्यारे ।'

मन्त्रालयका प्रवक्ता वसन्त अधिकारी स्थानीय तह स्वायत्त हुने भए पनि नियममा बस्नु पर्ने बताए । 'स्थानीय तह स्वायत्त हुन्छ, त्यसकारण टेर्‍यो, टेरेन भन्दा पनि नियममा बसे बसेनन् भन्ने कुरा हो,' उनले भने, 'हामीसँग स्थानीय तहको प्रत्यक्ष सम्बन्ध हुन्छ, बजेटको विषयमा पेश हुने वित्तिकै जानकारी दिनुपर्ने हो दिँदैनन ।

कतै इन्टरनेट छैन भन्छन कतै के भन्छन् । तर हामीले संकलन गर्ने तथ्यांक संघीय सरकारको लागि भन्दा पनि पूरै देशको लागि हो । स्थानीय तहहरु रिपोर्टिङ नगर्दा तथ्यांक राख्न समस्या भइरहेको छ ।' सामान्य प्रशासन मन्त्रालयका अनुसार अहिलेसम्म आर्थिक वर्ष २०७९/०८० को नीति-कार्यक्रम र बजेट पेश गरेको भनेर ४ सय ४३ स्थानीय तहले मात्रै रिपोर्टिङ गरेका छन । -साभार: अनलाइनखबर

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Jumbo Moters Pvt.Ltd कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | Electric Scooter | 1500 watt | OPAI | yw06 | 60volt | China | 75 PCS | 1,43,000.00 | |
| २. | Electric Scooter | 1500 watt | OPAI | yw06 | 72 volt | China | 40 PCS | 1,66,000.00 | |
| ३. | Electric Scooter | 1500 watt | OPAI | yw03 | 72 volt | China | 35 PCS | 1,65,000.00 | |

बिक्रता फर्मको नाम : Jumbo Moters Pvt.Ltd
ठेगाना : Hetauda-16, Makawanpur
PAN.No:- 609821802
Mobile.No:- 9855068577

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
**Phone: 057-520315**

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना